का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ वैशाख २०८२,
बिहीबार
1 May, 2025
Thursday
मूल्य रु. ५/-

मध्याह्न
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २३, अंक ८८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# श्रमिकलाई नछोएको श्रमिक दिवस



> अवैध भर्ना शुल्क तिर्दै र उचित श्रम सुरक्षाबिना हजारौं नेपाली युवाहरू खाडी देशहरू, मलेसिया र अन्य मुलुकहरूमा कठिन र जोखिमपूर्ण कामका लागि रोजगारीमा रहेका छन्
>
> ■ एमनेस्टी इन्टरनेसनल

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।

आज १ मे अर्थात् अन्तर्राष्ट्रिय श्रमिक दिवस । श्रमिकहरूले आफूले प्राप्त गरेको अधिकारको समीक्षा गर्ने र थप अधिकारका लागि प्रयास गर्न प्रण गर्ने दिन । '८ घन्टा काम, ८ घन्टा मनोरञ्जन र ८ घन्टा आराम' भन्ने नारासहित सन् १८८६ मा अमेरिकाको सिकागोबाट सुरु भएको मजदुर आन्दोलनको सम्झनामा विश्वभर अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइरहँदा नेपाली श्रमिकहरूको अवस्था कस्तो छ त ?

नेपालको संविधान, २०७२ को धारा ३३ ले रोजगारीको हक र धारा ३४ ले श्रमको हक सुनिश्चित गरेको छ । अर्थात्, प्रत्येक नागरिकलाई रोजगारीको हक संवैधानिक रूपमा प्राप्त छ । तर, यसको कार्यान्वयन पक्ष अत्यन्त फितलो छ ।

सरकारले देशभित्रै पर्याप्त रोजगारीको अवसर सिर्जना गर्न सकेको छैन । परिणाममा नेपालका लाखौं युवा-युवती विदेशी भूमिमा विदेशीका लागि आफ्नो श्रम र पसिना खर्चन बाध्य छन् ।

विदेशमा रहेका नेपाली श्रमिकको अवस्था कस्तो छ त ?

एमनेस्टी इन्टरनेसनलका अनुसार विदेशमा नेपाली कामदारहरूको मानवअधिकारको अवस्था सन्तोषजनक छैन । नेपालबाट जाँदादेखि नै उनीहरूमाथि शोषण हुने गरेको छ ।

'अवैध भर्ना शुल्क तिर्दै र उचित श्रम सुरक्षाबिना हजारौं नेपाली युवाहरू खाडी देशहरू, मलेसिया र अन्य मुलुकहरूमा कठिन र जोखिमपूर्ण कामका लागि रोजगारीमा »» पृष्ठ २ मा

# सरकार-शिक्षक ९ बुँदे सहमति

## ऐन जारी नभए पुनः आन्दोलन गर्ने चेतावनी

- *१५ असारभित्र शिक्षा ऐन*
- *सहमति कार्यान्वयन गर्न ८ अर्ब रुपैयाँ लाग्ने*
- *शिक्षक-कर्मचारीलाई स्वास्थ्य उपचारमा छुट*

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।

सरकार र आन्दोलनरत नेपाल शिक्षक महासंघबीच ९ बुँदे सहमति भएको छ । सहमतिसँगै सरकारले संसद्को जारी वर्षे अधिवेशनबाटै शिक्षा ऐन पारित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

नेपाल शिक्षक महासंघसँग भएका सहमतिलाई ध्यानमा राख्दै शिक्षा विधेयकलाई चालू अधिवेशनको १५ असारभित्र प्रतिनिधिसभाबाट पारित गराउन आ-आफ्ना तहबाट सम्पूर्ण प्रयास गर्न प्रतिबद्धता जनाइएको छ ।

सहमतिलाई मन्त्रिपरिषद्ले स्वीकृत गरेसँगै २९ दिनदेखि शिक्षकहरूको सडक आन्दोलन पनि स्थगित भएको छ ।

सहमतिमा विद्यालय शिक्षा विधेयक असार १५ भित्र पारित गर्ने र शिक्षक-कर्मचारीका लागि स्वास्थ्य उपचारमा छुटको व्यवस्था गर्ने उल्लेख छ ।

यस्तै, सहमतिअनुसार मन्त्रिपरिषद्ले शिक्षक, विद्यालय कर्मचारीलाई निजामती अस्पतालमा सहुलियतमा उपचारको व्यवस्था मिलाउने, राहतलगायत अस्थायी शिक्षकलाई बिरामी बिदा संचित गर्ने, सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने, ग्रेड समायोजन गर्ने, बाल विकास शिक्षकलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरेको छ । शिक्षा मन्त्रालयमा »» पृष्ठ २ मा



### यी हुन् सहमतिका ९ बुँदा

- शिक्षकहरूको स्वास्थ्य उपचारका सम्बन्धमा काठमाडौंमा अवस्थित निजामती अस्पतालमा सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीलाई सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने ।
- अस्थायी प्रकृतिका शिक्षक-राहत, अस्थायी, साबिक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बाल विकास सहजकर्ताको बिरामी बिदा संचित हुने र सोबापतको रकम अवकाश भएका बखतमा एकमुष्ट प्राप्त गर्ने ।
- प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकेबमोजिम व्यवस्था गर्ने ।
- आगामी आर्थिक वर्ष २०८२/०८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्नमाध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकहरूका लागि निजामती सरह ग्रेड संख्या र रकम कायम गर्ने ।
- स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी, करार साविक उमावि, प्राविधिक धार र विशेष शिक्षा)का सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने ।
- सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने ।
- नेपाल सरकारको मर्यादाक्रम सूचीमा शिक्षकहरूलाई समावेश गर्ने ।
- नेपाल शिक्षक महासंघको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, कर्मचारी तथा पत्रकारहरूको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्ने ।
- निम्नमाध्यमिक तह प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षक सरह हुनेगरी कायम गर्ने ।

## वैदेशिक रोजगार विशेष

# सिन्डिकेटविरुद्ध सशक्त बन्ने संघको निर्णय

## कठोर हुन श्रममन्त्री भण्डारीलाई प्रगतिशीलको आग्रह



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ वैशाख ।

मलेसियाको रोजगारीमा हुनसक्ने सिन्डिकेटविरुद्ध सशक्त बन्ने वैदेशिक रोजगार व्यवसायीहरूको तयारी छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले बुधबार घटकसंस्थाका अध्यक्ष लगायतसँग छलफल गरी सिन्डिकेटविरुद्ध सशक्त बन्ने निर्णय गरेको संघका महासचिव महेशकुमार बस्नेतले जानकारी दिए ।

सबै घटक संस्थाले एकरूपता अनुसार सिन्डिकेटविरुद्ध विज्ञप्ति जारी गरेर खबरदारी गर्ने प्रतिबद्धता जनाएको भन्दै महासचिव बस्नेतले विरोधका स्वरूप बारेमा निरन्तर छलफल गर्नेसमेत सहमति भएको बताए ।

उता प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले मलेसियालगायत वैदेशिक रोजगार क्षेत्रमा सिन्डिकेटको सुरुवात हुन नदिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएको छ ।

मञ्चका अध्यक्ष जनक रावलको नेतृत्वमा बुधबार गएको प्रतिनिधिमण्डलले मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाउँदै खासगरी मलेसियाको »» पृष्ठ २ मा

# भट्टराई विभागको नयाँ महानिर्देशक



**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागको महानिर्देशकमा कमल भट्टराई नियुक्त भएका छन् । यसअघि विभागको महानिर्देशकमा नियुक्त भएका जीवलाल भुसाल जिम्मेवारी सम्हाल्न अनिच्छुक देखिएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक भट्टराईलाई विभाग पठाएको हो । नवनियुक्त महानिर्देशक भट्टराईले शुक्रबार वा आइतबार नै विभागमा पदबहाली गर्ने बताइएको छ । हाल विभागको उपमहानिर्देशकमा चन्द्रबहादुर शिवाकोटी र निर्देशकमा टीका ढकाल र उपेन्द्र पौडेल कार्यरत रहेका छन् ।

# गभर्नर सिफारिस समितिमा महाप्रसाद



**काठमाडौं/मस–** सरकारले नेपाल राष्ट्र बैंकको गभर्नर सिफारिस समितिको सदस्यमा निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई नियुक्त गर्ने निर्णय गरेको छ ।

पूर्वगभर्नर विजयनाथ भट्टराईले समितिको सदस्यबाट राजीनामा दिएपछि रिक्त रहेको सदस्यमा अधिकारीलाई बुधबार बसेको मन्त्रिपरिषद् बैठकले नियुक्त गरेको हो । १० वैशाखमा सदस्य भट्टराईले समितिप्रति असन्तुष्टि जनाउँदै राजीनामा दिएका थिए ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा गठित समितिका सदस्य पूर्वगभर्नर भट्टराईले राजीनामा दिएपछि गभर्नर छनोट समिति अपूर्ण बनेको थियो । १० चैतमा गभर्नर नियुक्तिका लागि सिफारिस गर्न मन्त्रिपरिषद्ले सिफारिस समिति गठन गरेको थियो । २४ चैतमा दोस्रो कार्यकाल सकेर गभर्नर अधिकारी राष्ट्र बैंकबाट बाहिरिएका थिए । अधिकारीको कार्यकाल सकिएपछि डेपुटी गभर्नर निलम ढुंगानाले कायममुकायम गभर्नरको जिम्मेवारी सम्हाले पनि उनी स्वयं आगामी गभर्नरको दौडमा छन् । »» पृष्ठ २ मा

## फर्जी पत्र प्रकरण

# रेशम ५ घन्टा कारागार

# नाउपा–जनमत एकता स्थगित





**निमिष झा/मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।

सर्वोच्च अदालतका एक कर्मचारीले गरेको हर्कतका कारण देशको राजनीति र न्यायालय तरंगित बन्न पुगेको छ ।

एक कर्मचारीले लेखेको पत्रका आधारमा पक्राउ परेका नागरिक उन्मुक्ति पार्टी (नाउपा)का संरक्षक रेशम चौधरी ५ घण्टा बिनाकारण हिरासतमा बस्नुपरेपछि नेपाली राजनीति दिनभर तरंगित बन्यो ।

अदालतका नामबाट कारागार कार्यालय डिल्लीबजारलाई पत्र लेखेर चौधरीलाई थुनामा राख्न भनिएपछि प्रहरीले तत्कालै पक्राउ गर्‍यो । तर, सर्वोच्चको नामबाट जारी भएको पत्र अनधिकृत भएको ठहर भएपछि सर्वोच्चकै »» पृष्ठ २ मा



**सीके राउत**
**अध्यक्ष, जनमत पार्टी**

> हाम्रो एकतालाई भाँड्ने षड्यन्त्रका रूपमा हेरेका छौं । २ वटा पार्टी मिलेर नयाँ हुन लाग्दा त्यसलाई भाँड्नका लागि यो गरिएको हो

### कसरी लेखियो पत्र ?

सर्वोच्च अदालतका अधिकृत महिमानसिंह बिष्टले न्यायाधीशको आदेशबिनै फैसलाकै भाषामा चौधरीलाई गिरफ्तार गर्न डिल्लीबजार कारागारलाई पत्र लेखे । चौधरीलाई आममाफीविरुद्धको रिट विचाराधीन रहे पनि उनलाई अहिले नै कारागार चलाउनू भनेर बिष्टले पत्र लेखेका थिए ।

डिल्लीबजार कारागारलाई सम्बोधन गरेर लेखिएको पत्र बोकेर उनी आफैं डिल्लीबजार कारागार पुगेका थिए । चौधरीलाई राष्ट्रपतिले »» पृष्ठ २ मा

# नेपाल भ्रमणमा आएका चौथाइवाले भेटघाटमा व्यस्त

**काठमाडौं/मस-** भारतीय जनता पार्टी (भाजपा) का विदेश विभाग प्रमुख विजय चौथाइवालेले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र परराष्ट्र मन्त्री आरजु राणा देउवासँग भेटवार्ता गरेका छन्।

नेपाल भ्रमणमा रहेका भाजपा विदेश विभाग प्रमुख चौथाइवाले बुधबार बूढानीलकण्ठ पुगेर सभापति देउवा र परराष्ट्र मन्त्री आरजुलाई संयुक्त रूपमा भेटवार्ता गरेका हुन्।



भेटवार्तापछि परराष्ट्र मन्त्री राणाले नेपाल-भारत सम्बन्धका विभिन्न आयामहरूबारे समीक्षा र पुरानो साझेदारीलाई अझ सुदृढ पार्ने विषयमा छलफल केन्द्रित रहेको बताइन्।

बुधबार नै भाजपा विदेश विभाग प्रमुख चौथाइवाले सिंहदरबारमा गृहमन्त्री रमेश लेखकसँग भेटवार्ता गरेका थिए।

गृहमन्त्री रमेश लेखकसँग भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाईवाले बुधबार भेटवार्ता गरेका छन्।

नेपाल भ्रमणमा काठमाडौं आएका भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख चौथाईवालेले सिंहदरबारस्थित गृह मन्त्रालय पुगेर गृहमन्त्री लेखकसँग भेटवार्ता गरेका हुन्।

भेटमा गृहमन्त्री लेखकले भारतको जम्मू कश्मीरमा भएको आतंकवादी आक्रमण घटनाको निन्दा गरे। मन्त्री लेखकले उक्त घटना दुःखद भएको बताउँदै आतंकवादी हमलाविरुद्धको घटनामा नेपाल सरकार छिमेकीमित्र भारतसित रहेको बताए। मन्त्री लेखकले नेपाल-भारतबीचको सदियौं देखिको मित्रवत सम्बन्ध थप सुदृढ गर्दै लैजाने विषयमा भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख चौथाईवालेसित कुराकानी भएको बताए।

यस्तै, भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख चौथाईवालेले दुई देश बिचको सम्बन्ध थप सुदृढ गर्दै लैजाने विश्वास व्यक्त गरे। 'नेपाल-भारतबीचको सम्बन्ध दृढ छ। कुनै पनि विषयले मित्रवत् सम्बन्धमा असर पर्दैन,' उनले भने। उनले कश्मीर घटनामा एक नेपाली युवकको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गर्दै मन्त्री लेखकमार्फत समवेदनासमेत व्यक्त गरे।

# मधेश बालिका सम्मेलन सुरु




**जनकपुरधाम/मस-** जनकपुरधाममा मधेश बालिका सम्मेलन सुरु भएको छ। 'सक्षम बालिका, समृद्ध मधेश' नाराका साथ २ दिने सम्मेलन बुधबारदेखि सुरु भएको हो।

सम्मेलनमा मधेशका ८ जिल्लाका करिब ६० जना बालिकाको सहभागिता छ। सम्मेलनले मधेशका बालिकाले भोग्दै आएका बालविवाह, भागी विवाह, दहेज र विभेदलाई चिर्न कार्यदिशा तय गर्नेछ।

सम्मेलनको उद्घाटन गर्दै मधेश प्रदेशका खेलकुद तथा समाजकल्याणमन्त्री प्रमोद जयसवालले बालिका संरक्षणका लागि प्रदेश सरकार चुप लागेर नबसेको बताए।

उनले बालिकाको अधिकार र हकहितका लागि प्रदेश सरकारले बालिका संरक्षण ऐन ल्याएको र त्यसलाई नै टेकेर बेटी जिन्दावाद कार्यक्रम कार्यान्वयन गर्न लागेको बताए।

प्रदेश सांसद एवं बालबालिका समितिकी सभापति रुपा यादवले विवाह गर्ने उमेर १८ वर्षमा झार्ने बहसको औचित्य नरहेको बताइन्। '१८ वर्ष विवाहका लागि तोक्नु राम्रो होइन,' उनले भनिन्, 'विवाहका लागि मात्र छोरी जन्मिएको भाष्य हटाउनुपर्छ।'

उनले भनिन्, 'विवाहको उमेर २० वर्ष तोकिएपनि कमै उमेरमा भागेर विवाह गर्ने चलन बढेको छ। जुन दुःखद हो।'

धनुषाकी बालिका प्रतिमा यादवले सानै उमेरदेखि नै विवाह गर्ने दबाबमा मधेशका बालिका रहेको बताइन्। उनले विवाह २० वर्ष नपुगी गर्न नहुने बताइन्।

खेलकुद तथा समाजकल्याण मन्त्रालयको समन्वयमा बाल विवाहविरुद्ध प्रदेशस्तरीय सञ्जालले आयोजना गरेको बालिका सम्मेलनमा धनुषाका बालबालिकाले बाल विवाह, भागी विवाह, दहेज र विभेदविरुद्ध 'इज्जोत' नाटक प्रदर्शन गरेका थिए।

## श्रमिकलाई...

छन्', सन् २०२४ मा आप्रवासी श्रमिकहरूको अधिकारबारे एमनेस्टी इन्टरनेसनलले आफ्नो प्रतिवेदनमा लेखेको छ।

नेपालभित्रकै श्रमिक र आप्रवासी श्रमिकका विषयमा नीति निर्माण तहमा रहेकाहरू लामो समयदेखि छलफलमा छन्। संसद्मा समेत यो विषय उठ्ने गरेको छ। तर, व्यवहारमा नेपाली श्रमिकमाथि र कामदारको हितमा धेरै काम गर्नुपर्ने संसदीय अध्ययनहरूले नै देखाउँछन्।

यस अघि प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले खाडी मुलुकमा रहेका नेपाली कामदारहरूको अवस्थाको स्थलगत अध्ययन गरेका थिए। १२ दिनसम्म खाडी मुलुकमा रहेर गरेको अध्ययनबाट फर्किएपछि उनीहरूले अध्ययनका क्रममा देखिएका दृश्य समितिको बैठकमा ब्रिफिङ गरेका थिए।

उनीहरूका अनुसार संयुक्त अरब इमिरेट्स (यूएई)को अजमान सिटीमा एउटा एरिया छ, जहाँ बंगलादेशी, अफ्रिकी र नेपाली घरेलु कामदार आपूर्ति गर्ने एजेन्सीहरु छन्। एजेन्सीमा ग्राहक आउँछन्, युवक-युवती हेर्छन्, छान्छन् र मनपरेकालाई लैजान मोलमोलाई गर्छन्।

कुनै पशुको खरिद-विक्री गरेझैं लाग्ने यो दृश्य अजमान सिटीमा मान्छेकै हकमा देख्न सकिन्छ, जहाँ १ जनाको ५ लाखदेखि ६ लाख रुपैयाँमा लैजाने विषयमा बार्गेनिङ हुन्छ।

कामदार लैजाने दलालले प्रतिव्यक्ति नेपाली डेढ लाखदेखि २ लाखसम्म कमिसन पाउँछन्। यस्तो कार्य यति कडा हुन्छ कि उक्त एरियाका एजेन्सीहरुले कामदार कारोबारमा निकै सतर्कता अपनाउँछन्।

वास्तविक ग्राहक हो भनेर विश्वस्त नभई कार्यालयमा बोलाउँदैनन्। बाहिर पनि सीसीटीभी निगरानीका साथै बाउन्सर परिचालित हुन्छन्। कसैले फोटो, भिडियो खिचे बाउन्सरहरू लगाएर डिलिट गराउँछन्।

संसदीय समितिको प्रतिवेदनअनुसार मध्यम तथा अर्धशिक्षित परिवारका श्रमिकहरू मलेसिया, साउदी अरब, कतार, कुवेत, यूएई पुग्ने गरेका छन्। यी देशहरूको भाषा, धर्म, संस्कृति, रीति-रिवाज, चालचलन तथा शासन व्यवस्था एकै प्रकारको छ। सबै मुलुकहरूमा इस्लामिक धर्मअनुसारको कानुनी व्यवस्था छ।

तर, साउदी अरबमा अत्यन्त कठोर पुरातनपन्थी कानुन रहेकाले त्यहाँका कतिपय नेपाली श्रमिकको अवस्था अन्य मुलुकमा भन्दा धेरै दयनीय छ।

संसदीय समितिको अध्ययन प्रतिवेदनअनुसार नेपाल सरकारले रोक्दारोक्दै अवैध बाटोबाट जानेहरूमा सम्बन्धित देशको भाषा, चालचलन, ट्राफिक नियम जस्ता सामान्य विषयमा समेत ज्ञान नहुँदा बढ्ता समस्या भोग्ने गरेका छन्।

प्रतिवेदनमा भनिएको छ, 'अधिकांश घरेलु श्रमिक कुन ठाउँमा छु भनेरसमेत बताउन नसक्ने अवस्थामा भएकाले दूतावासबाट उद्धार गरेर ल्याउन पनि कठिनाइ भएको पाइयो।'

साउदीमा घरेलुबाहेक निर्माण तथा उद्योग क्षेत्रमा धेरै नेपाली कामदार छन्। प्रतिवेदनअनुसार उनीहरू पनि समस्यामा छन्। 'एउटै कोठामा धेरै श्रमिकहरू राख्ने, स्वस्थ र वातावरणमैत्री कोठा नहुने, खानपिनको राम्रो प्रबन्ध नहुने, पर्याप्त आराम गर्न नदिने, सानो कमजोरीमा ठूलो सजाय दिनेजस्ता समस्या रहेका पाइयो', प्रतिवेदनमा उल्लेख छ।

नेपालले श्रमिक दिवस मनाइरहँदा स्वदेशभित्रै रोजगारीको अवसर सिर्जनामा जोड दिनुपर्ने, विदेशमा रोजगारीमा जानेका लागि मर्यादित व्यवहार र वातावरणका निम्ति राज्यले पहल लिनुपर्ने, तब मात्र श्रमिक दिवस मनाउनुको सार्थकता झल्किने सरोकारवालाहरू बताउँछन्।

## सरकार...

बुधबार राति आयोजित पत्रकार सम्मेलनमा शिक्षामन्त्री रघुजी पन्तले सहमति कार्यान्वयनका लागि सरकारलाई ८ अर्ब रुपैयाँ थप दायित्व पर्ने जानकारी दिए। यो रकम शिक्षकको सेवा सुविधामा खर्च गरिने छ।

'प्रधानमन्त्री केपी शर्मा ओलीले सहमति प्रक्रियामा निरन्तर चासो र निर्देशन दिएर सहयोग गर्नुभयो', मन्त्री पन्तले भने। सहमति कार्यान्वयनको प्रगति र शिक्षा ऐनको मस्यौदा निर्माणमा सबै पक्षको सहकार्य आवश्यक रहेको शिक्षामन्त्री पन्तले बताए।

सहमति भएका विषयहरू मन्त्रिपरिषद्बाट पारित भएपछि शिक्षकहरूका आन्दोलनका कार्यक्रम फिर्ता भएको शिक्षामन्त्री पन्तले जानकारी दिए।

शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले पनि बिहीबारदेखि सडक आन्दोलन नहुने बताए।

विगत २९ दिनदेखि काठमाडौंमा जारी शिक्षक आन्दोलनले विद्यार्थीको पठनपाठन प्रभावित भएको थियो। सहमतिपछि बिहीबारदेखि देशभरका सामुदायिक विद्यालयमा पठनपाठन हुने छ।

सरकारसँग सहमति भएपछि शिक्षक महासंघले विज्ञप्ति जारी गर्दै संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति र सत्तापक्षका प्रमुख सचेतकहरूले नयाँ विद्यालय शिक्षा ऐन १५ असारभित्र प्रतिनिधिसभाबाट पारित गर्ने लिखित प्रतिबद्धता व्यक्त गरेपछि आन्दोलन स्थगित गरिएको जनाएको छ।

सरकारसँग भएका सहमति र मन्त्रिपरिषद्बाट निर्णय भइसकेका केही मागहरू कार्यान्वयन हुने प्रतिबद्धताअनुसार बुधबारको मितिबाट लागू हुनेगरी सबै आन्दोलनका कार्यक्रम स्थगित गरिएको महासंघले स्पष्ट पारेको छ।

'संसदीय उपसमितिले विधेयक उपर दफावार छलफल गरी निरन्तर काम गरिरहेको अवस्था छ। यसै सन्दर्भमा महासंघसँग भएका सहमति/समझदारीलाई ध्यानमा राख्दै यो विधेयकलाई चालू अधिवेशनको १५ असारभित्र प्रतिनिधिसभाबाट पारित गराउन आ-आफ्नो तहबाट सम्पूर्ण प्रयास गर्न हामी प्रतिबद्ध रहेका छौं', सहमतिपत्रमा भनिएको छ।

प्रतिबद्धतापत्रमा नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, एमालेका मुख्य सचेतक महेश बर्तौला र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले हस्ताक्षर गरेका छन्।

महासंघले विद्यालय भर्ना, नियमित कक्षा संचालन तथा परीक्षासम्बन्धी सम्पूर्ण कार्य यथाशीघ्र पुनः सुरु गर्न सबैलाई अनुरोध गरेको छ। तथापि, तोकिएको समयमा विद्यालय शिक्षा ऐन जारी नभए आन्दोलन पुनः तीव्र बनाइने चेतावनी पनि महासंघले दिएको छ।

विगतमा भएका सहमतिअनुसार विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने माग राख्दै २० चैतदेखि महासंघले काठमाडौं केन्द्रित सडक आन्दोलन गर्दै आएको छ।

### कक्षा १२ को परीक्षा २१ वैशाखदेखि नै

सरकार र नेपाल शिक्षक महासंघबीच भएको वार्तामा कक्षा १२ को परीक्षा २१ वैशाखदेखि नै गराउने सहमति भएको छ। बुधबार सिंहदरबारमा भएको वार्तामा शिक्षामन्त्री पन्तसहित महासंघका पदाधिकारीहरू सहभागी थिए।

'सरकार र नेपाल शिक्षक महासंघबीच भएको वार्तामा कक्षा १२ को परीक्षा २१ वैशाखदेखि नै गराउने सहमति भएको छ', शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले भने।

११ वैशाखदेखि सुरु हुने तय भएको कक्षा १२ को परीक्षा शिक्षक आन्दोलनकै कारण सारिएको थियो।

## सिन्डिकेटविरुद्ध...

रोजगारी खुला भएको अहिलेको अवस्थामा २५ वटा म्यानपावर कम्पनीलाई मात्रै कामदार पठाउने व्यवस्था गरेको चर्चाले व्यवसायी त्रसित बनिरहेको भन्दै जुनसुकै नाममा हुने सिन्डिकेटका विरुद्ध मन्त्रालय उभिनुपर्ने माग गरेको छ।

संख्या सयको समस्या समाधानका लागि मन्त्री भण्डारीले खेलेको भूमिका अत्यन्तै सकारात्मक रहेको उल्लेख गर्दै मञ्चले सिन्डिकेटका विरुद्ध पनि सोहीअनुसारको भूमिका व्यवसायीले अपेक्षा गरेको बताएको छ। मञ्चका अध्यक्ष रावलले बजारमा मलेसिया सिन्डिकेटको सन्दर्भ जोडेर अनेकौं खालका समाचार आएकाले मन्त्रालयको तहबाट व्यवसायीहरूलाई आश्वस्त पार्नुपर्ने अवस्था रहेको उल्लेख गरे।

श्रम मन्त्रालयले गत फागुन तेस्रो हप्ता एक विज्ञप्तिमार्फत मलेसिया कामदार पठाउन कुनै निश्चित व्यवसायीलाई लाभ पुग्ने गरी हाल कुनैपनि निर्णय नभएको र भविष्यमा पनि नहुने बताएको थियो। उक्त विज्ञप्ति स्मरण गर्दै मन्त्री भण्डारीले निश्चित म्यानपावर कम्पनीहरूको समूहलाई मात्रै अनुमति दिन चलखेल भइरहेको समाचार आधारहीन रहेको बताए।

उनले भने, 'नेपाल सरकारले विगत लामो समयदेखि खुला पारदर्शी र भेदभावरहित भर्ना प्रक्रिया अवलम्बन गरेको छ। मलेसियासँगको श्रम समझदारीमा पनि सोही विषय स्पष्ट गरिएको छ। ढुक्क हुनुहोस्, मलेसियामा कामदार पठाउन कुनै निश्चित व्यवसायीलाई लाभ हुने गरी कुनै निर्णय गरेको पनि छैन, गर्ने पनि छैन। आधारहीन विषयको पछि नलाग्न व्यवसायीहरूलाई मेरो अनुरोध छ।'

मञ्चका अध्यक्ष रावलले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा दोहोरिरहेका समस्या तत्काल समाधान नहुँदा विपन्न अवस्थामा रहेका कामदार आर्थिक मारमा परेको विषयमा पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको बताए। त्यस्तै मञ्चले मागपत्र प्रमाणीकरणमा सहजीकरण गर्नुपर्ने, शेवा शुल्क व्यवस्थापन गर्नुपर्नेलगायतका विषयमा ध्यानाकर्षण गराएको छ। मन्त्री भण्डारीले मागपत्र प्रमाणीकरणको विषय एक महिनामा टुंगो लगाउने प्रतिबद्धता जनाए।

मञ्चको प्रतिनिधिमण्डलमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारी, मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री (कुमार), महासचिव मिलन कट्टेल, सचिव मदन पौडेल, कोषाध्यक्ष शिवहरि मैनाली, कार्यसमिति सदस्य रोहन पौडेल, सुकबहादुर लामा (बसन्त) लगायतका व्यवसायीहरूको सहभागिता रहेको थियो। मञ्चले सिन्डिकेटका सबै स्वरूपहरू अन्त्य भएको सुनिश्चित नभएसम्म खबरदारी जारी राख्ने बताएको छ।

## गभर्नर...

सिफारिस समितिले गभर्नर नियुक्तिका लागि सिफारिस गर्दा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानुन क्षेत्रका लब्धप्रतिष्ठित व्यक्ति तथा डेपुटी गभर्नरहरूमध्येबाट ३ जनाको नाम सरकारलाई पठाउने छ।

३ जनामध्ये १ जनालाई मन्त्रिपरिषद्ले गभर्नर पदमा नियुक्त गर्ने व्यवस्था छ।

नेपाल राष्ट्र बैंक ऐनअनुसार गभर्नरको समय सकिनु १ महिनाअघि नै नयाँ गभर्नर छनोट गर्नुपर्ने भए पनि अधिकारी गभर्नरबाट बाहिरिएका १ महिना हुन लाग्दासमेत राष्ट्र बैंकले नयाँ गभर्नर प्राप्त गर्न सकेको छैन।

## रेशम ...

अर्को पत्रका आधारमा बुधबार साँझ चौधरी रिहा भए।

बुधबार बिहान पूर्वनिर्धारित कार्यक्रमअनुसार नेपाल प्रज्ञाप्रतिष्ठानमा नाउपा र जनमत पार्टीको एकता घोषणासभा थियो। कार्यक्रममा सहभागी हुन प्रज्ञा भवन पुगेका उनी त्यहीँबाट पक्राउ परेका थिए।

५ घण्टामा भएका नाटकीय घटनाक्रमबीच चौधरी अन्ततः रिहा भएका छन्। अनधिकृत पत्र लेखेर रेशमलाई थुनामा पुऱ्याउने अदालतका शाखा अधिकृत महिमानसिंह बिष्टलाई प्रहरीले पक्राउ गरेको छ।

अनपेक्षित घटनाक्रमका कारण जनमत र नाउपाको एकता घोषणासभा पनि स्थगित भएको छ।

## कसरी...

दिएको आममाफी अपराधको राजनीतीकरण भएको बेहोरा उक्त पत्रमा थियो।

पत्र पाएपछि सादा पोसाकमा खटिएका प्रहरीले चौधरीलाई प्रज्ञा भवनमै पुगेर पक्राउ गरेका थिए।

सर्वोच्चको आदेश कार्यान्वयन गर्न भन्दै चौधरीलाई पक्राउ गरी डिल्लीबजार कारागारमा लगिएको थियो। प्रहरी अधिकारीहरूले राष्ट्रपतिले दिएको आममाफी सर्वोच्चले उल्टयाएको बताएका थिए।

२०७२ भदौमा टीकापुरमा भएको घटनाका कारण चौधरीलाई अदालतले जन्मकैदको फैसला सुनाएको थियो। तर, १५ जेठ २०८० मा गणतन्त्र दिवसको अवसरमा सरकारले दिएको आममाफीका आधारमा उनी डिल्लीबजार कारागारबाट रिहा भएका थिए।

तर, चौधरी पक्राउको अन्तर्य एकैछिनमा उद्घाटित भयो। सर्वोच्च अदालतको प्रशासनले नै इजलासबाट आएको फैसला शैलीमा पत्र लेखेर प्रहरीलाई दिएपछि चौधरी पक्राउ परेका खुल्यो।

सर्वोच्च अदालतको मुद्दा तथा रिट महाशाखाका शाखा अधिकृत महिमानसिंह बिष्टले राष्ट्रपति रामचन्द्र पौडेलबाट यसअघि भएको आममाफीको निर्णय नै अनधिकृत रूपमा उल्टयाइदिएका तथ्य खुल्यो।

बिष्टद्वारा जारी पत्र अनधिकृत रहेको भन्दै अदालतले स्पष्ट पाऱ्यो। अदालतले पत्र काट्ने शाखा अधिकृत बिष्टलाई कानुनबमोजिमको कारबाही प्रकिया सुरु भएको विज्ञप्ति नै जारी गऱ्यो।

७ भदौ २०७२ मा थरूहट आन्दोलनका क्रममा प्रदर्शनकारीद्वारा ५ जना प्रहरी, २ जना सशस्त्र प्रहरी र १ बालक गरी ८ जनाको हत्या भएको थियो।

सोही घटनाका योजनाकार भन्दै तीनै तहका अदालतले चौधरीलाई दोषी ठहर गर्दै जन्मकैदको सजाय सुनाएका थिए।

सोही घटनामा २ जेठ २०८० मा सर्वोच्चले संक्षिप्त आदेशमार्फत उनको जन्मकैद सदर गरेको थियो। तर, उक्त फैसलाको पूर्ण पाठ नआउँदै १५ जेठ २०८० मा गणतन्त्र दिवसको अवसरमा तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आममाफी दिएका थिए।

फैसलाको पूर्णपाठ ३ महिनापछि ३१ साउनमा आएको थियो, जसमा उक्त घटनालाई निर्मम, क्रूर, अमानवीय हत्या भनेर व्याख्या गरिएको छ। यस्तै, आममाफीमाथि पनि प्रश्न उठाइएको थियो।

आममाफीपछि टीकापुर घटनामा मारिएका सशस्त्र प्रहरीका निरीक्षक केशव बोहराकी पत्नी शारदा कडायतले आममाफीविरुद्ध सर्वोच्चमै रिट पनि दिएकी थिइन्। त्यसमा कारण देखाऊ आदेश जारी भए पनि हालसम्म अन्तिम टुंगो भने लागिसकेको छैन।

### पत्र खारेज

चौधरीलाई पक्राउ गर्नेबारे मुद्दा शाखाका अधिकृत बिष्टद्वारा जारी कथित आदेश अनधिकृत रहेको सर्वोच्च अदालतले जनाएको छ।

सर्वोच्चका सहायक प्रवक्ता निराजन पाण्डेका अनुसार बिष्टले जारी गरेको पत्र सर्वोच्चको आधिकारिक थिएन। पत्र उनको व्यक्तिगत निर्णयका आधारमा जारी भएको उनले बताए।

अदालतले पत्र काट्ने शाखा अधिकृत बिष्टलाई कानुनबमोजिम कारबाही प्रकिया सुरु भएको पनि जनाएको छ। सो पत्रलाई अनधिकृत ठहर गर्दै अदालतले कारागार कार्यालयलाई पत्र कार्यान्वयन नगर्न स्पष्ट निर्देशन दिएको थियो।

सो पत्र पठाउने सम्बन्धित अधिकृतलाई हालै प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अगाडि बढाइएको अदालतका प्रवक्ता तथा सहरजिष्ट्रार अच्युत कुइँकेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

### बिष्ट नियन्त्रणमा

चौधरीलाई पक्राउ गर्न पत्र काट्ने शाखा अधिकृत बिष्टलाई प्रहरीले नियन्त्रणमा लिएको छ। बिष्टलाई काठमाडौं प्रहरी परिसरको टोलीले सर्वोच्च परिसरबाटै पक्राउ गरेको हो।

बिष्टले टीकापुर घटनामा ज्यान गुमाएका मान्छेहरूको आत्माले पोलेकाले पत्र लेखेको प्रहरी समक्ष बयान दिएका छन्।

### 'षडचन्त्र'को संज्ञा

घटनालाई जनमत पार्टीले षडचन्त्रको संज्ञा दिएको छ। जनमतका अध्यक्ष सीके राउतले पार्टी एकता हुने बेलामा चौधरीलाई बिनाकारण र बिनाआधार पक्राउ गर्नु षडचन्त्र भएको टिप्पणी गरेका छन्।

डिल्लीबजार कारागारबाट रेशम चौधरी छुटेपछि संक्षिप्त प्रतिक्रिया दिँदै उनले भने, 'हाम्रो एकतालाई भाँड्ने षडचन्त्रका रूपमा हेरेका छौं। २ वटा पार्टी मिलेर नयाँ हुन लाग्दा त्यसलाई भाँड्नका लागि यो गरिएको हो।'

उनले यसलाई एउटा कर्मचारीको सामान्य त्रुटिको रूपमा मात्र हेर्न नहुने पनि बताए।

'यो सामान्य त्रुटि मात्र होइन। कर्मचारीलाई मोहरा मात्र बनाइएको हो। यो धेरै माथिबाट भएको हो', राउतले भने।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०८/१० मा दर्ता भएको **प्रा.लि. नं. १०७४१७** को **जे. एस. एल. नेपाल प्रा.लि.** को मिति २०८२/०१/०२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. ३८७, फोन नं. ९८५११६३७२३**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/११ मा दर्ता भएको **प्रा.लि. नं. २८०६०२** को **अर्बन सफ्टवेयर सोलुसन प्रा.लि.** को मिति २०८२/०१/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. ३८७, फोन नं. ९८५११६३७२३**

**कतारमा रोजगार**

कम्पनी : LINC FACILITY SERVICES | शहरः Doha
पूर्व स्वीकृत मितिः २०८१/०३/३१ | चलानी नं.: ६०२२२२६३ | L.T. No.: 307430 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५१,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric Tech. | 2 | 0 | | 1250 | ४५,७१३ | | | | | | | |
| 3. | Electronics Tech | 4 | 0 | | 1250 | ४५,७१३ | | | | | | | |
| 4. | General Clean Worker | 25 | 0 | | 1000 | ३६,५७० | | | | | | | |
| 5. | General Supervisor | 1 | 0 | | 2500 | ९१,४२५ | | | | | | | |
| 6. | Labour | 20 | 0 | | 1000 | ३६,५७० | | | | | | | |
| 7. | Secretary | 0 | 15 | | 2100 | ७६,७९७ | | | | | | | |
| 8. | Supervisior | 4 | 0 | | 2500 | ९१,४२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २५ गते (8 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 562/062/063
**ROTARY OVERSEAS PVT. LTD.**
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, Mobile : 9818216982, 970-2026500, 9851035262, 9815066489, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

**पथरी शनिश्चरे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पथरी, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/१८**

प्रस्तुत विषयमा यस पथरीशनिश्चरे नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८१/११/२५ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आह्वानको सूचना बमोजिम उल्लेखित म्यादभित्र पेश भएका वोलपत्रहरुको मूल्याङ्कन हुँदा देहाय बमोजिमकों बोलपत्र प्रस्ताव सारभूतरुपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि नं. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम/ठेगाना | कबोल अङ्क (भ्याट र पि एस सहित) |
|---|---|---|---|---|
| 1 | PSMUN/NCB/WORKS 2081/082-14 | Construction of administrative office building of Pathari Shanishchare Muncipality | Earth Designers and Developers Pvt. Ltd. Hetauda-6, Makwanpur | रू. 11,08,24,718.67 |

**प्रमुख प्रशासकीय अधिकृत**

## 'एक घर, एक धारा' पूर्ण रूपमा कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण



**काठमाडौं/मस–** संघीय संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिले पूर्वाधार विकास तथा पर्यटन उद्योगलाई पर्यावरणमैत्री हुनेगरी नीति तथा कार्यक्रममा समावेश गर्न सरकारलाई सुझाव दिएको छ। बुधबार सिंहदरबारमा बसेको समिति बैठकले यस्तो सुझाव दिएको हो।

बैठकले विदेशी पर्यटकरुलाई नेपाल भ्रमण गर्न उपयुक्त वातावरण सिर्जना गर्न समेत सरकारको ध्यानाकर्षण गराएको छ। बैठकले अगामी आर्थिक वर्षको बजेटमा कम्तीमा कुनै दुई वा तीन कृषि बालीमा आत्मनिर्भर हुनेगरी ठोस नीति तथा कार्यक्रमको घोषणा गर्न सुझाव दिएको छ।

बैठकले कृषि उपजको आयात कम गर्दै लैजाने करमार्फत स्वदेशी कृषि उपजलाई संरक्षण दिँदै कृषि उपजको निर्यातमा जोड दिनसमेत सुझाव दिएको छ। बैठकले शुद्ध र पर्याप्त पिउने पानी (एक घर एक धारा कार्यक्रम)को पूर्णरुपमा कार्यान्वयन गर्न समेत सरकारको ध्यानाकर्षण गराएको छ।

बैठकले अगामी आर्थिक वर्षमा जलविद्युत आयोजनालाई पूर्ण प्राथमिकता दिई बुढीगण्डकी, तमोर, उत्तरगंगा, कर्णाली, पश्चिम सेतीजस्ता आयोजनाको निर्माण निर्धारित समयसीमाभित्र सम्पन्न गर्ने कार्यतालिका बनाएर अगाडि बढ्न समेत सरकारको ध्यानाकर्षण गराएको छ।

त्यस्तै संविधानले व्यवस्था गरेको शिक्षासम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न शिक्षा नीतिमा आवश्यक सुधार गरी वैज्ञानिक, व्यवहारिक, सीपमुलक एवं रोजगारमुलक बनाउन सुझाव दिएको छ। बुधबारको समिति बैठकमा नेपालको संविधानको धारा ५३ बमोजिम नेपाल सरकारले संघीय संसदमा पेश गरेको आर्थिक वर्ष २०८०/०८१ को सरकारको वार्षिक प्रतिवेदन सम्बन्धमा छलफल भएको हो।

# 'सगरमाथा संवाद हरेक नेपालीको गौरवशाली कार्यक्रम'

**काठमाडौं/मस–** वन तथा वातावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले सगरमाथा संवादलाई हरेक नेपालीको गौरवशाली कार्यक्रमका रुपमा लिनुपर्ने बताएका छन्। बुधबार काठमाडौंमा आयोजित 'जलवायु परिवर्तन, सगरमाथा संवाद र मिडियाको भूमिका' विषयमा आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन्। उनले सगरमाथा संवादलाई आगामी पुस्ताले गर्व गर्नसक्ने अवस्थामा स्थापित गराउनुपर्ने बताए।

उनले जलवायु परिवर्तनका विषयमा विश्वको सबैभन्दा उच्च स्थानबाट प्रवाह गरिने सन्देशका रूपमा सगरमाथा संवादलाई अगाडि बढाउनुपर्ने बताए। उनले जलवायु परिवर्तनका बारेमा हिमालदेखि समुन्द्रसम्मको सन्देश विश्वलाई दिनसक्ने गरी सबै प्रकारका सञ्चारमाध्यमले विशेष भूमिका खेल्नुपर्नेमा जोड दिए। उनले जलवायु परिवर्तनका असर र त्यसबाट बच्ने उपायसहितका लेख, तस्बिर, भिडियोलगायतका सामग्री प्रचारप्रसार गर्न आग्रह गरे।



प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले जलवायु परिवर्तनको मुद्दा नेपालले अन्तर्राष्ट्रिय रूपमा उठाउने मुख्य मुद्दा भएको बताए। उनले काउन्सिलले सञ्चालन गरिरहेको अभिमुखिकरण कार्यक्रमहरुमा जलवायु परिवर्तनसम्बन्धी विषय थप गर्ने बताए। उनले पत्रकारले रचनात्मक पत्रकारितको माध्यमबाट सरकारलाई सुझाव दिनुपर्ने बताए। प्रेस काउन्सिलले जलवायु परिवर्तन तथा विकास मुद्दाहरुका सामग्री समाचार कक्षमा उपलब्ध गराउने प्रयास गर्ने उनको भनाइ छ।

उनले भने, 'यो जलवायुको मुद्दा नै अहिले नेपालले उठाउन सक्ने र अन्तर ाष्ट्रिय फोरमहरुमा संयुक्त राष्ट्रसंघसहित अन्तर्राष्ट्रिय फोरमहरुमा लाने सबैभन्दा प्रमुख मुद्दा भएको हुनाले यसमा हामीले राज्यलाई दिनुपर्ने सुझाव र भिडियाको तर्फबाट गर्नुपर्ने काममा हामी तयार हुनुपर्छ। जलवायूको मुद्दा जस्तै यस्ता थप विषयहरु छन् जुन रचनात्मक पत्रकारिताभित्र पर्छन्। हामीले निर्णय गरेरै काउन्सिलले गर्दै आएको काममा अबको हाम्रो अभिमुखिकरण कक्षा हुन्छ तालिम, आचारसंहितामै पनि थप कन्टेन्ट जोड्न सक्छौं। त्यसमा यस्ता विकासका मुद्दाहरु,समृद्धिका मुद्दाहरु र जलवायु परिवर्तनका विषयहरुलाई उठाउनु पर्छ। कतिपय न्युज रुपमा हामी न्युज रुममा गएर यस्ता कन्टेन्टहरु दिनुपर्छ आएका छौं।' पत्रकार एवं वातावरण अभियन्ता रमेश भुसालले जलवायु परिवर्तनले ल्याएको समस्यासँग सामना गरेर नेपालले फरक खालको विकास गर्न सक्ने बताए। उनले पृथ्वीको इतिहासमा मान्छेले विगतमा विभिन्न दुःख पीडा अनुभव गरेको आएको बताए। समस्या पाएपछि मान्छेले समाधान पनि खोज्ने भएकाले विकासको मोडेलमा नेपालमा भएका स्रोतसाधनलाई प्रयोग गर्नुपर्ने बताए। उनले जलवायु परिवर्तन समस्या मात्रै नभइ विकास गर्ने नयाँ अवसर पनि भएको भन्ने सन्देश नेपाली सञ्चारमाध्यमले दिनुपर्नेमा जोड दिए।

अभियान्ता भुसालले जलवायु परिवर्तनको विषय वातावरणीय समस्या नभइ राजनीतिक र आर्थिक समस्या भएको अर्थमा नेपाली सञ्चारमाध्यमहरुले बुझ्नुपर्नेमा जोड दिए। कार्यक्रममा वक्ताहरुले जलवायु परिवर्तनको मुद्दालाई नेपालले गहन रूपमा बुझ्नुपर्ने भएकाले सगरमाथा संवादमार्फत विश्वलाई विशेष सन्देश प्रवाह गर्नुपर्नेमा जोड दिएका छन्।

## नमोबुद्ध पूर्ण खोप सुनिश्चित नगरपालिका



**काभ्रेपलाञ्चोक/मस–** काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकालाई पूर्णखोप सुनिश्चित नगर घोषणा गरिएको छ। बुधबार नगरमा आयोजित एक कार्यक्रममा राष्ट्रिय खोप निर्देशिकाअनुसार सम्पूर्ण प्रक्रिया पूरा गरी जन्मेदेखि १५ महिना र १६ देखि ५९ महिनामुनिका सम्पूर्ण बालबालिकालाई खोप लगाएकाले पूर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको हो।

जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समिति प्रमुख दीपककुमार गौतम र नगरप्रमुख कुन्साङ लामाले पूर्ण खोप सुनिश्तिता तथा दिगोपना घोषणा गरे। सो अवसरमा गौतमले नगर प्रमुख लामालाई पूर्ण खोप सुनिश्चितताको प्रमाणपत्र हस्तान्तरण गरे।

नगरप्रमुख लामाले भने, 'नगरलाई पूर्णखोप सुनिश्चित बनाउन स्वास्थ्य क्षेत्रमा कार्यरत सबै स्वास्थ्यकर्मीको योगदान अतुलनीय छ।'

जिल्ला स्वास्थ्य कार्यालयका खोप अधिकृत पार्थमणि न्यौपानेले जिल्लाको १३ स्थानीय तहमध्ये नमोबुद्ध पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने यस वर्षको पहिलो स्थानीय तह भएको बताए। यस वर्ष तोकिएका उमेर समूहका चार सय ७० बालबालिकालाई शतप्रतिशत खोप लगाएपछि पूर्ण खोप सुनिश्चित नगर घोषणाा गरिएको जनाइएको छ।

# नेपाल वन प्राविधिक संघ लुम्बिनीको अध्यक्षमा खड्का निर्वाचित

**लुम्बिनी/मस–** नेपाल वन प्राविधिक संघ लुम्बिनी प्रदेशको अध्यक्षमा डिभिजन वन कार्यालय अर्घाखाँचीमा कार्यरत वन अधिकृत केशर खड्का निर्विरोध निर्वाचित भएका छन्। प्रजातान्त्रिक वन प्राविधिक संघ डिफान लुम्बिनीको महासचिवसमेत रहेका खड्का नेपाली कांग्रेस निकट शुभेच्छुक संस्थाको तर्फबाट उम्मेदवार बनेका थिए। खड्काको उम्मेदवारीविरुद्ध कुनै संगठनले उम्मेदवारी दर्ता नगरेपछि उनको नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएको हो।

संघको उपाध्यक्षमा सूर्यप्रसाद मैनाली, सचिवमा रोबर्ट महरा र अनुपा सिलवाल तथा कोषाध्यक्षमा राघवेन्द्र प्रताप चौधरी निर्वाचित भएको निर्वाचन अधिकृत यज्ञमुर्ति खनालले जानकारी दिए। यस्तै कार्यसमितिको सदस्यहरूमा नवराज शाही, नवीन पाण्डे, भावना रिजाल, कविता गैरे, एजाज अन्सारी र कमला सुनार निर्विरोध निर्वाचित भएको खनालले बताए।

नेपाल वन प्राविधिक संघ लुम्बिनी प्रदेशमा १६ सय जना सरकारी कर्मचारीसहित ७ हजार बढी वन प्राविधिक मतदाता रहेका छन्। नेपाल संघीय संरचनामा गएपछि सबैभन्दा बढी इन्जिनियरिङ एसोसिएसनमा सदस्य छन् भने लुम्बिनी प्रदेशमा वन प्राविधिक संघ नै प्रदेश समितिको निर्वाचन गर्ने पहिलो संस्था भएको



नवनिर्वाचित अध्यक्ष केशव खड्काले दाबी गरे।

खड्काले लुम्बिनी प्रदेशमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई थप सुदृढ बनाउने र यसबारे बहस पैरवी चलाउने काम प्राथमिकतामा रहेको बताए।

देशको ४५ प्रतिशतभन्दा बढी हिस्सा वन क्षेत्र हुँदाहुँदै काठ, दाउरा जंगलमै सडेको र वार्षिक अर्बौं रुपैयाँको काठ विदेशबाट आयात गर्नुपर्ने बिडम्वना भएकाले यसलाई रोक्न संघले भूमिका खेल्ने खड्काले बताए।

वन स्रोतको प्रभावकारी व्यवस्थापनका लागि पर्याप्त मात्रामा दरबन्दी सिर्जना गरी वन व्यवस्थापन गर्न प्रदेश र स्थानीय सरकारसँग छलफल गर्ने, प्रदेशका १०९ वटै स्थानीय तहमा वन प्राविधिकको दरबन्दी सिर्जना गर्न दबाब दिइने र वन प्राविधिकहरूको क्षमता विकासका लागि सरकारको ध्यानाकर्षण गराउने कार्यसमितिको पहिलो काम हुने उनले बताए।

रुकुमपश्चिमका खड्कासँग लुम्बिनी प्रदेश वन मन्त्रालयको योजना शाखा प्रमुख हुँदै वन मन्त्रीहरूको निजी सचिव बनेर काम गरेको अनुभव छ। नेपाल निजामती कर्मचारी युनियनमा समेत अब्बल नेताको रूपमा स्थापित खड्का डिफानमा सबैभन्दा बढी लोकप्रिय र अनुशासित अब्बल अधिकृतको रूपमा परिचित छन्।

# एकीकृत समाजवादीले प्रधानमन्त्रीलाई बुझायो विभिन्न मागसहितको ज्ञापनपत्र

**काठमाडौं/मस–** नेकपा एकीकृत समाजवादीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएको छ। बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर पार्टीका अध्यक्ष माधवकुमार नेपालसहितका पदाधिकारीले प्रधानमन्त्री ओलीलाई विभिन्न मागसहितको पत्र बुझाएका हुन्। एकीकृत समाजवादीले अपमानपूर्ण इतिहासलाई बदल्न, राजनीतिका नालायकीबाट शिक्षा लिन, बरालिएको राजनीतिलाई राष्ट्र निर्माणमा फर्काउन र लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै समृद्धि र समाजवादका आधार तयार गर्ने एउटा सार्थक राजनीतिका लागि ढिलो भइसकेको पत्रमा उल्लेख गरेको छ।

यस्तै उक्त कारणले आजको राजनीतिक अस्थिरता, अन्योल, निराशा, उकुसमुकुस र आक्रोश उत्पन्न भएको समेत पत्रमा व्यक्त गरेको छ। पार्टीले समयको मागलाई दृष्टिगत गर्दै 'सुशासन र रोजगारी, समाजवादको तयारी' नाराका साथ विभिन्न बुँदामा प्रस्ताव अगाडि सारेको हो।

एकीकृत समाजवादीले प्रधानमन्त्री ओलीसमक्ष बुझाएको पत्रमा कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, पूर्वाधार, सुशासन, सामाजिक, विदेश नीति, प्रवासी श्रमिक र गैर आवासीय नेपाली लगायतका शीर्षकमा विभिन्न माग राखिएको छ। यस्तै एकीकृत समाजवादी संविधान कार्यान्वयनको



पुनरावलोकन, रोजगारी र सुशासनका लागि राष्ट्रिय सम्मेलन आयोजना गर्नुपर्ने लगायतका माग राखेको छ।

शासकीय स्वरूप, संघीयता, निर्वाचन प्रणाली, मौलिक हकको कार्यान्वयनलगायत सबै क्षेत्रमा संविधान कार्यान्वयनका दश वर्षको पुनरावलोकन गरेर संविधानलाई अझ समृद्ध र जनमुखी बनाउने गरी संशोधन गर्नुपर्ने मागसमेत पार्टीले राखेको छ।

प्रधानमन्त्री ओलीलाई मागसहितको ज्ञापन पत्र बुझाएपछि पार्टीका उपाध्यक्ष प्रकाश ज्वालाले जनताहरू कुशासनको जाँतोमा पिल्सिएको भन्दै जतासुकै भ्रष्टाचार, घुसखोरी, अनियमितता र ढिलासुस्तीका कारण नागरिकले सास्ती भोग्नुपरेको बताए। उनले कुशासनले मानिसहरूलाई निकै धेरै यातना दिएको बताउँदै कुशासनको जञ्जिरबाट नागरिकलाई मुक्त गर्नुपर्नेमा जोड दिए।

उनले कुशासनको जाँतोमा किचिएका जनताहरूलाई त्यसबाट मुक्त गर्न राज्य, सरकार र प्रधानमन्त्री संवेदनशील हुनुपर्ने बताउँदै जनतालाई सुशासन दिनुपर्ने बताए। उपाध्यक्ष ज्वालाले व्यापक रूपमा फैलिएको भ्रष्टाचारको जालोलाई तोडेर नागरिकलाई सुशासन, शान्ति र अमन चयनको अनुभूति गराउन आफ्नो तर्फबाट सरकारलाई सहयोग गर्ने जिकिर गरे।

मागपत्र बुझ्दै प्रधानमन्त्री ओलीले आगामी आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटको पूर्व सन्ध्यामा सुझावहरु प्राप्त भएकामा धन्यवाद दिँदै नीति तथा कार्यक्रमको अन्तिम तयारी भइसकेकाले बजेट निर्माणका क्रममा यी सुझावलाई समेट्ने कोशिश गर्ने विश्वास दिलाए। प्रधानमन्त्री ओलीले प्रतिगामी र अतिवादी तत्वहरुका अवाञ्छित क्रियाकलाप भइरहेको सन्दर्भमा त्यस्ता क्रियाकलापको विरोध हुनुपर्नेमा जोड दिए।

प्रतिनिधिमण्डलमा अध्यक्ष नेपालका साथ वरिष्ठ नेता प्रवेश हमाल, वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, उपाध्यक्षहरु प्रकाश ज्वाला, डा गंगालाल तुलाधर, भानुभक्त जोशी, महासचिव घनश्याम भुसाल, सचिव सावित्राकुमारी भुसाललगायत सहभागी थिए। करिब एक घन्टा भेटघाट भएको नेताहरूबीच समसामयिक राजनीतिका विषयमा अनौपचारिक कुराकानी र विगतका कतिपय घटनाहरुको स्मरण गरिएको थियो।

# छात्रवृत्तिको विवरण जेठ पहिलो साता उपलब्ध गराउन महानगरको आग्रह

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले संस्थागत विद्यालयलाई लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनेसम्बन्धी विवरण आगामी जेठ पहिलो सातासम्ममा उपलब्ध गराउन आग्रह गरेको छ।




सम्बन्धित विद्यार्थी र अभिभावकबाट आवेदन लिन, छात्रवृत्ति पाउने विद्यार्थीको नामावली सूचना पाटीमा टाँस गर्नेलगायत विवरण आगामी जेठ पहिलो हप्ताभित्र कामपाको शिक्षा विभागमा उपलब्ध गराउन अनुरोध गरिएको कामपा शिक्षा विभागका शिक्षा अधिकृत नेत्रनारायण पौडेलले जानकारी दिए। उनका अनुसार त्यसका लागि सबै संस्थागत विद्यालयलाई परिपत्र गर्दै जेहेन्दार, विपन्न, असहाय तथा गरिब, अपाङ्गता भएका, महिला, दलित, जनजाति, द्वन्द्व पीडित र सहिदका परिवारलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउन भनिएको हो।

छात्रवृत्तिसम्बन्धी व्यवस्थाबमोजिम विवरण पेस नगरेमा काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५६ र ५७ बमोजिम विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेसहित कानुनबमोजिम आवश्यक कानुनी कारबाही गरिने विभागले जनाएको छ।

छात्रवृत्ति प्रदान कार्यलाई पारदर्शी र प्रणालीमा आधारित बनाउन अघिल्ला शैक्षिक सत्रहरूमा जस्तै यस वर्ष पनि 'स्कलरसिप इन्ट्री सिस्टम' विकास गरिएको पौडेलले बताए। 'विद्यालयहरूले शैक्षिक सत्र २०८२ मा कक्षा १० सम्मका विद्यार्थीलाई उपलब्ध गराउने छात्रवृत्तिको विवरण उपलब्ध गराउनेसम्बन्धी जानकारी गराइसकेको छौं', उनले भने।

शैक्षिक सत्र २०८० मा कक्षा १ देखि १० सम्म अध्ययन गर्ने करिब १३ हजार विद्यार्थीले र शैक्षिक सत्र २०८१ मा करिब १९ हजार विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका कामपाले जनाएको छ।

पाँच सयभन्दा कम विद्यार्थी भएका विद्यालयले १० प्रतिशत, पाँच सयदेखि आठ सयसम्म विद्यार्थी भएका विद्यालयले १२ प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी भएका विद्यालयले १५ प्रतिशत छात्रवृत्ति दिनुपर्ने विद्यमान कानुनी प्रावधान रहेको विभागका शिक्षा अधिकृत पौडेलले जानकारी दिए।

उनका अनुसार शिक्षा ऐन, २०२८ को दफा १६ अ (१) मा 'संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत नघट्ने गरी विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति समुदायका विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने पनि कानुनी व्यवस्था छ।

यसैबमोजिम कामपाले जारी गरेको शिक्षा ऐन, २०७५ को दफा ५१ (१) मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत मा नघट्ने गरी तोकिएबमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ वैशाख २०८२ बिहीबार
1 May 2025, Thursday

## सम्पादकीय

# राज्य संरचनाकै गम्भीर त्रुटि

नागरिक उन्मुक्ति पार्टी (नाउपा)का संरक्षक रेशमलाल चौधरीले अनाहकमा साढे ४ घण्टा कारागार बस्नुपरेको घटनाले राज्य संरचनाप्रति गम्भीर प्रश्न उठेको छ । आमनागरिकले यो प्रकरणमा सर्वोच्च अदालतको संरचना, नेपाल प्रहरीको संयन्त्र र सरकारकै नेतृत्व क्षमतामाथि प्रश्न उठाएका छन् । नाउपा र यो पार्टीसँग एकताको तयारी गरेको जनमत पार्टीका नेताहरूले त सरकारको नियतमाथि नै प्रश्न उठाएका छन् । उनीहरूले पार्टी एकता बिथोल्न रेशमलाल चौधरीलाई पक्राउ गरिएको टिप्पणी गरेका छन् । हुन पनि बुधबार रेशमलाल चौधरी पक्राउ परेका थिएनन् भने नाउपा र जनमत पार्टीबीच एकता घोषणा भइसकेको हुने थियो । तर, एकताको औपचारिक घोषणाका निम्ति प्रज्ञा भवन कमलादी पुगेका रेशमलाई प्रहरीले पक्राउ गरेर डिल्लीबजार कारागार लगियो ।

रेशमको पक्राउप्रति नाउपा र जनमत पार्टीका नेताहरू मात्र चकित भएनन्, सर्वोच्च प्रशासन, प्रहरी नेतृत्व र गृह प्रशासनसमेत चकित बने किनकि रेशमलाई पक्राउ पर्नेगरी कुनै सुनुवाइ सर्वोच्चमा भएकै थिएन । तर, राष्ट्रपतिबाट आममाफी भइसकेको टीकापुर घटनामै रेशमलाई पक्राउ गरिनुपर्ने बेहोराको पत्र प्रहरीसम्म पुग्यो । अदालतको पत्र पाएपछि प्रहरीले पनि थप सोधपुछ नगरीकन रेशमलाई पक्राउ गरी कारागार लग्यो, जबकि अदालतको पत्र नै नक्कली थियो । सर्वोच्चका शाखा अधिकृत महिमानसिंह बिष्टले नक्कली पत्र तयार पारेर प्रहरीलाई थमाएका थिए । उक्त पत्रमा थप सोधपुछ नगरी र प्रष्टता नखोजी रेशमलाल चौधरीलाई पक्राउ गरियो ।

सर्वोच्चका एक अधिकारीको सनकका कारण अनाहकमा पक्राउ परेका रेशमलाल चौधरीलाई थुनामुक्त गर्न राज्य संयन्त्रलाई साढे ४ घण्टा लाग्यो । यो साढे ४ घण्टामा अनेक आँकलन भए, अविश्वास भयो । सबैभन्दा महत्त्वपूर्ण कुरा त राज्य संरचनाको कमजोरी उदांगो बन्यो । कुनै एउटा कर्मचारीले चाहँदा कुन हदसम्मको दुरूपयोग हुने रहेछ भन्ने प्रस्ट भयो । कतिपय आमसाधारणले गरेका टिप्पणीले यो घटनाको वास्तविकतालाई व्याख्या गर्न सकिन्छ । उनीहरूले भनेका छन्, 'यदि मृत्यु दण्डको कानुनी व्यवस्था देशमा थियो भने के हुने रहेछ ! धन्न ! त्यस्तो व्यवस्था छैन ।' पक्कै पनि यो टिप्पणीलाई राज्य संचालकहरूले ध्यान दिन जरूरी छ । किनकि कुनैपनि नागरिकलाई जेल पठाउने जस्तो कुरालाई हलुका रूपमा लिन हुन्न । रेशमलाई थुन्न नक्कली पत्र पठाउने अधिकृत पक्राउ परेका छन्, रेशम छुटेका छन् । तर, यो कमजोरीलाई सर्वोच्च अदालत, प्रहरी प्रशासन र सरकारले गम्भीर पाठका रूपमा लिन जरूरी छ ।

## सामाजिक सञ्जाल




कृष्ण घिमिरे

वैदेशिक ऋण वा सहयोगमा संचालित कुनै पनि सडक, सिँचाइ, एयरपोर्ट वा अन्य परियोजनामा सही सम्भाव्यता अध्ययन, व्यवस्थापकीय योजना र कस्ट बेनिफिट विवेचना हुँदैन । लहड र खानपिनका आधारमा योजना बन्छन् अनि पटक-पटक कस्ट डेभिएसन गरी । पोखरा र भैरहवा एयरपोर्ट त मुख्य नमुना ।



सरोज कोइराला

३ तले घरमा बस्नेलाई ४ हजार भत्ता चाहिँदैन बरु गरिबलाई ८ हजार बनाइदिऊँ । धनराज गुरुङको यो भनाइप्रति मेरो पूर्ण समर्थन छ । म त झन् के भन्छु भने, हाम्रो जस्तो अर्थतन्त्र भएको देशमा घरको तलाभन्दा परिवारको आर्थिक स्थिति हेरेर सामाजिक सुरक्षा भत्ता दिँदा बढी न्यायसंगत होला ।



निलाम्बर आचार्य

राजनीतिप्रति घृणा फैलाउँदा न देशको भलो हुन्छ, न नागरिकको । तर, बिग्रेको छ भने सपार्नुपर्छ । सपार्ने कसले ? जसलाई जनताले पत्याएका छन्, तिनले । त्यो कसरी थाहा पाउने ? निर्वाचनमा पार्टीले पाएको मतले र देशभर संगठनको फैलावट एवं सदस्य संख्याले । राजनीतिलाई घृणा होइन, सुधार गर्ने हो ।



शरदराज पाठक

नेपाली जनता बढ्दो रूपमा व्यवस्था परिवर्तनको पक्षमा उभिन थालेपछि १ जना पूर्वप्रधानमन्त्री भारत गएर सा'बहरूको घरघर चहार्दै हारगुहार गरेछन् । राज्य र मिडियाको परिभाषामा जेसुकै भए पनि जनताको नजरमा खास राज्यविरुद्धको कसुर त यस्ता कृत्य पो ठहरिँदै छ ।

**सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक दिवस**

# मजदुर अधिकार : व्यवहार र कानुन

*नेपालमा मजदुर अधिकार सुनिश्चितताको विषय एक जटिल चुनौतीका रूपमा रहेको छ । यसलाई सम्बोधन गर्न सरकार, रोजगारदाता, ट्रेड युनियन र नागरिक समाज सबैले हातेमालो गरेर अगाडि बढ्नुपर्ने आवश्यकता छ...*

अग्रलेख



● ईश्वर बुढाथोकी

नेपालमा मजदुर अधिकारको अवस्थालाई केलाउँदा संवैधानिक र कानुनी प्रावधानसँगै विभिन्न क्षेत्रमा यसको कार्यान्वयनको पाटोलाई पनि नियाल्नुपर्ने हुन्छ । नेपालको संविधानले श्रमलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ ।

प्रत्येक नागरिकलाई उचित पारिश्रमिक, सुविधा र सामाजिक सुरक्षासहितको श्रम गर्ने अधिकार हुने कुरा संविधानमा उल्लेख छ । यसले राज्यलाई श्रमिकको हकहित संरक्षण गर्न र उचित श्रम वातावरण सिर्जना गर्न निर्देशित गर्छ ।

त्यस्तै, ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजी गर्ने अधिकारलाई पनि संविधानले सुनिश्चित गरेको छ, जसले गर्दा श्रमिकहरूले आफ्ना हक अधिकारका लागि संगठित हुन र सामूहिक रूपमा आफ्ना मागहरू प्रस्तुत गर्न सक्छन् । कानुनी रूपमा हेर्दा, नेपालमा श्रम ऐन, २०७४ ले श्रमिकहरूको हक अधिकारलाई विस्तृत रूपमा समेटेको छ । यस ऐनले न्यूनतम पारिश्रमिक, काम गर्ने समय, बिदा, सुरक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा जस्ता विषयहरूलाई व्यवस्थित गरेको छ ।

ऐनले महिला श्रमिकहरूका लागि विशेष व्यवस्थाहरू पनि गरेको छ, जसमा मातृत्व बिदा र कार्यस्थलमा हुने विभेदविरुद्धको सुरक्षा प्रमुख छन् । यसका साथै, बालश्रम निषेध गरिएको छ र कसैलाई पनि जबरजस्ती श्रममा लगाउन पाइने छैन ।

श्रम ऐनले रोजगारदाता र श्रमिकबीचको सम्बन्धलाई नियमित गर्न, श्रम विवाद समाधानका लागि संयन्त्र खडा गर्न र श्रमिकहरूलाई उचित क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

यद्यपि, संवैधानिक र कानुनी रूपमा यति धेरै अधिकार सुनिश्चित गरिएको भए पनि नेपालमा मजदुर अधिकारको कार्यान्वयन पक्ष भने चुनौतीपूर्ण छ । विभिन्न क्षेत्रहरूमा श्रमिकहरूले अझै पनि उचित पारिश्रमिक, सुरक्षित कार्य वातावरण र सामाजिक सुरक्षाको अभाव झेलिरहेका छन् ।

अनौपचारिक क्षेत्रमा काम गर्ने अधिकांश श्रमिकहरू, जसमा कृषि, निर्माण र घरेलु कामदारहरू पर्छन्, प्रायः श्रम ऐनको दायराभन्दा बाहिर रहेका कारण उनीहरू न्यूनतम अधिकारबाट पनि बञ्चित हुनुपरेको छ ।

उनीहरू लामो समयसम्म काम गर्न बाध्य छन्, कम ज्याला पाउँछन् र कार्यस्थलमा सुरक्षाको अभावमा जोखिमपूर्ण काम गर्न बाध्य छन् ।

औपचारिक क्षेत्रमा पनि सबै श्रमिकहरूले पूर्ण रूपमा आफ्ना अधिकार उपभोग गर्न पाएका छैनन् । कतिपय उद्योगहरूमा श्रमिकहरूलाई स्थायी नियुक्ति नगरी अस्थायी वा करारमा राख्ने प्रवृत्तिले उनीहरूको रोजगारीको सुरक्षा र सामाजिक सुरक्षामा नकारात्मक असर पारेको छ ।

ट्रेड युनियनहरूलाई स्वतन्त्ररूपमा काम गर्न र सामूहिक सौदाबाजी गर्न विभिन्न अवरोधहरू खडा गरिएका उदाहरणहरू पनि भेटिन्छन् । यसले श्रमिकहरूलाई संगठित भएर आफ्ना हक अधिकारका लागि लड्न कठिनाइ उत्पन्न गराउँछ ।

क्षेत्रगत रूपमा हेर्दा, कृषि क्षेत्रमा संलग्न श्रमिकहरूको अवस्था विशेषरूपमा दयनीय छ । मौसमी काम, कम ज्याला र असुरक्षित कार्य वातावरण यस क्षेत्रका प्रमुख समस्या हुन् । निर्माण क्षेत्रमा काम गर्ने श्रमिकहरू पनि जोखिमपूर्ण काम गर्न बाध्य छन् र उनीहरूलाई पर्याप्त सुरक्षा उपकरण र तालिमको अभाव हुन्छ ।

वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकहरू पनि विभिन्न प्रकारका शोषण र दुर्व्यवहारको शिकार हुने गरेका छन् । भाषा, संस्कृति र कानुनी ज्ञानको कमीका कारण उनीहरू प्रायः ठगी र अन्यायमा पर्छन् ।

सरकारले मजदुर अधिकारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न प्रयासहरू नगरेको भने होइन । श्रम निरीक्षण प्रणालीलाई सुदृढ



गर्ने, श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने उद्देश्यले विभिन्न नीति तथा कार्यक्रमहरू संचालन गरिएका छन् । तर, यी प्रयासहरू पर्याप्त हुन सकेका छैनन् र कार्यान्वयनको तहमा अझै धेरै सुधार गर्न आवश्यक छ ।

मजदुर अधिकारको पूर्ण कार्यान्वयनका लागि सरकार, रोजगारदाता, ट्रेड युनियन र नागरिक समाज सबैको सक्रिय भूमिका आवश्यक छ । सरकारले श्रम कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ र अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ । रोजगारदाताहरूले श्रमिकहरूलाई उचित पारिश्रमिक, सुरक्षित कार्य वातावरण र अन्य सुविधा प्रदान गर्नुपर्छ । ट्रेड युनियनहरूले श्रमिकहरूलाई संगठित गर्दै उनीहरूको हक अधिकारको लागि वकालत गर्नुपर्छ । नागरिक समाजले श्रमिक अधिकारका मुद्दाहरूमा जनचेतना अभिवृद्धि गर्न र सरकारलाई जबाफदेही बनाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ ।

नेपालमा संवैधानिक र कानुनी रूपमा मजदुर अधिकारलाई महत्त्वपूर्ण स्थान दिइएको भए पनि यसको वास्तविक कार्यान्वयन अझै पनि चुनौतीपूर्ण छ । विभिन्न क्षेत्रका श्रमिकहरूले अझै पनि आधारभूत अधिकारबाट बञ्चित हुनुपरेको अवस्था छ । यस स्थितिलाई सुधार गर्न सबै सरोकारवालाहरूको संयुक्त र समन्वित प्रयास आवश्यक छ ।

श्रमिकहरूको सम्मानजनक जीवन र मर्यादित काम सुनिश्चित गर्नु राज्यको मात्र नभई सम्पूर्ण समाजको दायित्व हो ।

नेपालमा मजदुर अधिकारको अवस्थालाई समग्र रूपमा हेर्दा, संवैधानिक र कानुनी प्रावधानहरूले श्रमिकहरूको हकलाई बलियो रूपमा स्थापित गरेको देखिन्छ । संविधानले श्रमलाई मौलिक हकका रूपमा अंगीकार गर्नु र श्रम ऐनले श्रमिकहरूको विभिन्न पक्षलाई समेट्नु सकारात्मक कदम हो ।

ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजी गर्ने अधिकारले श्रमिकहरूलाई आफ्ना मागहरूलाई संगठित रूपमा प्रस्तुत गर्ने अवसर दिएको छ । यद्यपि, वास्तविकतामा यी अधिकारहरूको कार्यान्वयन पक्ष फितलो देखिन्छ । विशेषगरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू न्यूनतम ज्याला, सुरक्षित कार्य वातावरण र सामाजिक सुरक्षा जस्ता आधारभूत अधिकारबाट पनि बञ्चित छन् ।

कृषि, निर्माण र घरेलु कामदार जस्ता ठूलो संख्यामा रहेका श्रमिकहरू कानुनी दायराबाहिर हुँदा उनीहरू शोषणको शिकार हुने सम्भावना बढी हुन्छ । औपचारिक क्षेत्रमा पनि अस्थायी र करारमा काम गर्ने श्रमिकहरूले स्थायी श्रमिकहरूले पाउने जस्ता सुविधाहरू पाउन सकेका छैनन् ।

वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकहरूको अवस्था पनि चिन्ताजनक छ । भाषा, संस्कृति र कानुनी ज्ञानको अभावका कारण उनीहरू विभिन्न प्रकारका ठगी र दुर्व्यवहारको शिकार हुन्छन् ।

> संवैधानिक र कानुनी रूपमा विभिन्न खालका अधिकार सुनिश्चित गरिएको भए पनि नेपालमा मजदुर अधिकारको कार्यान्वयन पक्ष भने चुनौतीपूर्ण छ । विभिन्न क्षेत्रहरूमा श्रमिकहरूले अझै पनि उचित पारिश्रमिक, सुरक्षित कार्य वातावरण र सामाजिक सुरक्षाको अभाव झेलिरहेका छन्...

यसले देखाउँछ कि कानुनी प्रावधानहरू भए पनि प्रभावकारी कार्यान्वयनको अभावमा श्रमिकहरूले न्याय र सुरक्षाको अनुभूति गर्न सकेका छैनन् । मजदुर अधिकारको पूर्ण प्रत्याभूतिका लागि सरकारले विद्यमान श्रम कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । श्रम निरीक्षण प्रणालीलाई थप सुदृढ बनाउनुपर्छ ताकि रोजगारदाताहरूले कानुनको पालना गर्न बाध्य होऊन् ।

अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन विशेष कार्यक्रमहरू ल्याउनुपर्छ । ट्रेड युनियनहरूलाई स्वतन्त्र रूपमा काम गर्ने वातावरण बनाउनुपर्छ र सामूहिक सौदाबाजीको प्रक्रियालाई सहज बनाउनुपर्छ । रोजगारदाताहरूले पनि श्रमिकहरूलाई उचित व्यवहार गर्नुपर्छ र उनीहरूको हक अधिकारको सम्मान गर्नुपर्छ ।

निष्कर्षमा, नेपालमा मजदुर अधिकार सुनिश्चितताको विषय एक जटिल चुनौतीका रूपमा रहेको छ । यसलाई सम्बोधन गर्न सरकार, रोजगारदाता, ट्रेड युनियन र नागरिक समाज सबैले हातेमालो गरेर अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

श्रमिकहरूको मर्यादा र सम्मानजनक जीवन सुनिश्चित गर्नु मात्र सामाजिक न्यायको स्थापना नभई देशको समग्र विकासका लागि पनि अपरिहार्य छ । जबसम्म सबै श्रमिकहरूले आफ्ना अधिकारहरू पूर्ण रूपमा उपभोग गर्न पाउँदैनन्, तबसम्म नेपालको सामाजिक र आर्थिक विकासले पूर्णता पाउन सक्दैन ।

## इतिहासमा आज

१ मे १९९७ मा लेबर पार्टीले १९९७ को आमचुनाव जितेको थियो, जुन चुनावपछि टोनी ब्लेयर प्रधानमन्त्रीमा निर्वाचित भएका थिए ।



१ मे १९९९ मा बेपत्ता भएको ७५ वर्षपछि बेलायती पर्वतारोही जर्ज म्यालोरीको शव सगरमाथामा फेला परेको थियो ।




१ मे २००४ मा साइप्रस, चेक गणराज्य, इस्टोनिया, हँगेरी, लात्भिया, लिथुआनिया, माल्टा, पोल्यान्ड, स्लोभाकिया र स्लोभेनिया युरोपेली संघमा सामेल भएका थिए, जसको खुसियाली डब्लिनमा आयरिस राष्ट्रपतिको निवासमा मनाइएको थियो ।



१ मे २००९ मा स्विडेनमा समलिंगी विवाहलाई वैधानिकता दिइएको छ ।



# श्रमजीवीप्रति कहिले हुने उदार ?

विचार



● राजेन्द्र गजुरेल

> जबसम्म श्रमिकलाई मानवअधिकारका दृष्टिकोणबाट हेर्ने अभ्यास हुँदैन, तबसम्म देशले गरेको विकास उच्च वर्गका लागि मात्र हुने छ । श्रमिकहरूलाई मात्र होइन, श्रमलाई पनि सम्मान गरिन्छ भन्ने चेतना व्यापक रूपमा फैलनु आवश्यक छ...

श्रमिक वर्गमाथिको शोषण नेपाली समाजको गहिरो र जटिल समस्या हो, जुन दशकौंदेखि विभिन्न रूप र स्तरमा रहँदै आएको छ । विकासका नाममा हुने औद्योगिकीकरण, शहरीकरण र आधुनिकीकरणका प्रक्रियाले मजदुरको श्रमलाई प्रयोग गरे पनि तिनीहरूको जीवनस्तर उक्साउनेतर्फ कहिल्यै गम्भीर ध्यान दिइएको देखिँदैन ।

श्रमिकहरू उत्पादनका मेरुदण्ड हुन् तर तिनै श्रमिकहरू न्यूनतम पारिश्रमिक, असुरक्षित कार्यस्थल र सामाजिक सुरक्षा जस्ता आधारभूत अधिकारबाट बञ्चित छन् । श्रमिक वर्गलाई केवल श्रम दिने मेसिनझैं व्यवहार गरिन्छ, जसले उनीहरूलाई काम गर्ने क्षमताअनुसार मात्र मूल्यांकन गर्छ तर मानिसको रूपमा सम्मान गर्दैन ।

नेपालमा कृषिमा आधारित पारम्परिक श्रमिकदेखि लिएर निर्माण, गार्मेन्ट, यातायात, घरेलु कामदार र वैदेशिक रोजगारमा जाने श्रमिकहरू सबै शोषणको चपेटामा परेका छन् । घरभित्र काम गर्ने घरेलु श्रमिकहरू प्रायः महिला र किशोरी हुन्छन्, जो पारिश्रमिक नपाउने, मानसिक र यौन दुर्व्यवहार सहन बाध्य हुने अवस्था सामान्य जस्तै देखिन्छ ।

यस्ता श्रमिकहरूको आवाज समाजमा दबिन्छ किनभने उनीहरूको प्रतिनिधित्व गर्ने संस्था, पहुँच वा चेतना अभाव हुन्छ । वैदेशिक रोजगारीमा गएका श्रमिकहरू त अझ दुःखद् अवस्था भोगिरहेका हुन्छन् ।

उनीहरू महँगो खर्चमा दलालमार्फत विदेश पुग्छन्, त्यहाँ पुगेपछि सम्झौताको विपरीत काम गर्न बाध्य हुन्छन् । तलब नपाउने, छुट्टी नपाउने, बीमा नहुने, दुर्घटना हुँदा उपचार नपाउने अवस्थासम्म आइपुग्छ । यति हुँदा पनि देशभित्र उनीहरूको योगदानलाई सम्मान गर्नुको सट्टा उनीहरूलाई 'कामदार' मात्र ठानिन्छ ।

श्रमिक शोषण पारिश्रमिकमा सीमित छैन, यो सामाजिक र संरचनागत रूपमा संस्थागत भइसकेको छ । श्रमिक वर्गका सन्तानहरूलाई राम्रो शिक्षा पाउने अवसर कम हुन्छ, स्वास्थ्य सेवा पहुँचबाहिर हुन्छ र उनीहरूको सामाजिक उन्नति रोकिएको छ । श्रमिकहरूको यो अवस्था पुँजीवादको चरम उदाहरण हो, जहाँ मुट्ठीभर मालिकहरूले श्रमिकको पसिना र पीडामाथि महल खडा गर्छन् तर श्रमिकहरू झुपडीमै जीवन गुजार्न बाध्य छन् ।

अझ, श्रमिक युनियन गठन गर्ने, आफ्ना हक अधिकारका लागि बोल्ने प्रयास गर्दा उनीहरूलाई जागिरबाट हटाइने, धम्की दिने, कालो सूचीमा राख्नेजस्ता हर्कत पनि भइरहन्छन् ।

श्रमिकमाथिको शोषण अन्त्य गर्न राज्य, समाज र श्रमिक स्वयंले भूमिका खेल्न आवश्यक छ । राज्यले श्रम ऐनलाई कार्यान्वयनमा कडाइ गर्नुपर्छ, श्रमिकहरूका लागि न्यूनतम पारिश्रमिक, कार्यस्थल सुरक्षा, बीमा र अवकाश सुविधा सुनिश्चित गर्नुपर्छ । त्यस्तै, वैदेशिक रोजगारका क्षेत्रमा दलालको नियन्त्रण हटाएर पारदर्शी प्रणाली विकास गर्न आवश्यक छ ।

समाजले पनि श्रमलाई सम्मान गर्ने संस्कार विकास गर्नुपर्छ । कुनै पनि श्रम ठूलो-सानो हुँदैन भन्ने चेतना फैलाउनुपर्छ । श्रमिक वर्गलाई तल्लो स्तरको भनेर हेप्ने संस्कार हटाउनु आवश्यक छ ।

श्रमिक स्वयं पनि सचेत, संगठित र एकताबद्ध भएर आफ्नो अधिकारका लागि बोल्न तयार हुनुपर्छ । आत्मबल र एकता नै उनीहरूको सबल अस्त्र हुन सक्छ ।

श्रमिक वर्गमाथिको शोषणको अन्त्य आर्थिक सुधारले मात्र सम्भव हुँदैन, यसका लागि मानसिक, सामाजिक र राजनीतिक रूपान्तरण आवश्यक छ । जबसम्म श्रमिकलाई मानवअधिकारका दृष्टिकोणबाट हेर्ने अभ्यास हुँदैन, तबसम्म देशले गरेको विकास उच्च वर्गका लागि मात्र हुने छ ।

श्रमिकहरूलाई मात्र होइन, श्रमलाई पनि सम्मान गरिन्छ भन्ने चेतना व्यापक रूपमा फैलनु आवश्यक छ । श्रमिकको शोषण अन्त्य हुनु भनेको सामाजिक न्याय स्थापनाको बाटो खोल्नु हो, जसले समावेशी र समानतामूलक समाज निर्माणतर्फ डोहोऱ्याउँछ । त्यसैले, अब पनि समयमै नचिनिने हो भने, सामाजिक असमानता अझ गहिरिँदै जान्छ र त्यसको परिणाम सम्पूर्ण समाजले भोग्नुपर्ने छ ।

# सस्तो लोकप्रियता कमाउनेगरी सरकारले बजेट ल्याउँदैन : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, १७ वैशाख



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट सस्तो लोकप्रियता कमाउने गरी नल्याइने बताएका छन् । सरकारमा सहभागी राजनीतिक दलका प्रमुखहरूसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी) मा आयोजना गरिएको विशेष बैठकमा मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यथार्थ धरातलमा आधारित भएर तयार पार्ने गरी अगाडि बढेको स्पष्ट पारेका हुन् ।

सरकारले घाटा बजेट पनि नबनाउने र प्रदेशको वास्तविक अवस्थाअनुसार नीति तथा कार्यक्रम र बजेट ल्याउने स्पष्ट पार्दै उनले सरकारले सन्देश दिनेगरी, आशा जगाउनेगरी नीति तथा कार्यक्रम र बजेटको तयारी गरेको बताए । सरकारमा सहभागी राजनीतिक दलका सदस्यहरूलाई सुझाव दिन आग्रह गर्दै उनले प्रदेशको आम्दानी अनुसार बजेटको आकार ३१ देखि ३२ अर्ब वरिपरि आउने बताए । यही आधारमा थोरै लगानीमा पनि प्रतिफल आउने खालका कार्यक्रम के-के हुन सक्छन् भन्नेमा सुझाव आवश्यक भएको मुख्यमन्त्री आचार्यले बताए ।

सरकारले नीति तथा कार्यक्रमलाई आधार मानेर वार्षिक बजेट बनाउने भएकाले आगामी वर्षको बजेट नीति तथा कार्यक्रमभन्दा बाहिरको नहुने पनि उनले प्रष्ट पारे ।

बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले अनुसन्धानको आधारमा नीति तथा कार्यक्रम र बजेट बनाउन सुझाव दिए । सरकारमा सहभागी दलहरूको प्रतिबद्धता केलाएर जनतालाई गरिएको वाचाअनुसार नीति तथा कार्यक्रम र बजेट ल्याउन चौधरीले आग्रह गरे ।

'थोरै बजेटले धेरै काम हुनेगरी बजेट ल्याउन जरुरी छ । सम्पन्न हुने योजनाको सूची बनाएर बजेटको प्राथमिकतामा राख्नुपर्नेछ,' चौधरीले भने । बलियो सरकार छ भन्ने नागरिकलाई आभास हुनेगरी काम गर्न उनले सुझाव दिए । नीति तथा कार्यक्रममा गर्न सकिने कार्यक्रम मात्रै समावेश गर्नुपर्ने र बजेटले आशा जगाउनेगरी कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्नुपर्ने चौधरीको सुझाव छ ।

नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले प्रदेशप्रति नागरिकको आकर्षण बढाउने गरी नीति तथा कार्यक्रम ल्याउन सुझाव दिए । प्रदेश सरकारले आफ्नो अधिकार प्राप्ति र कार्यान्वयनमा खुट्टा कमाउनु नहुने भन्दै संविधानले दिएका अधिकारहरू कार्यान्वयन गर्नेगरी नीति तथा कार्यक्रम र बजेट ल्याउन पुनले आग्रह गरे । 'सुशासनलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाउन जरुरी छ,' पुनले भने, 'प्रदेशको विकासमा लुम्बिनीलाई जोडेर पर्यटनलाई आधार बनाउन सकिन्छ ।'

नेकपा एमाले लुम्बिनी प्रदेशका अध्यक्ष राधाकृष्ण कँडेलले नीति तथा कार्यक्रमले आधारभूत क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए । 'जनतालाई तुलनात्मक रूपमा सन्तुष्टि हुनेगरी नीति तथा कार्यक्रम ल्याउन जरुरी छ । भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राख्नुहोस्,' उनले भने, 'उत्पादनशील क्षेत्रमा प्राथमिकता राखेर बजेट ल्याउन जरुरी छ ।' सबैको अपनत्व रहनेगरी नीति तथा कार्यक्रम बनाउनुपर्ने, भौतिक निर्माण, बाटो-घाटोलाई मात्रै बजेट नराखी कृषि, शिक्षा, स्वास्थ्य, उद्यम विकासलाई प्राथमिकतामा राख्नुपर्ने कँडेलको भनाइ थियो ।

नेकपा एमालेका संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठ, प्रमुख सचेतक तुलसी चौधरी, एमाले लुम्बिनी प्रदेशका सचिव लक्ष्मण आचार्यलगायतले सहमति अनुकूल दृष्टिकोण उन्मुख बजेट ल्याउनुपर्ने, प्राप्त स्रोतलाई सही परिचालन गर्नेगरी नीति तथा कार्यक्रम बनाउन सुझाव दिए ।

बैठकमा मन्त्री तथा राजनीतिक संयन्त्रमा सहभागी दलका प्रतिनिधिहरू, प्रदेश योजना आयोगका पदाधिकारी तथा सचिवको सहभागिता थियो । बैठकबाट प्राप्त सुझावलाई आधार मानेर नीति तथा कार्यक्रम र बजेट निर्माणमा जोड दिइने भएको छ ।

# कोशी प्रदेशमा लगानी सम्मेलनको सम्पूर्ण तयारी पूरा

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, १७ वैशाख



कोशी प्रदेश सरकारले वैशाख १८ र १९ गते आयोजना गर्न लागेको लगानी सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको छ । बुधबार विराटनगरमा आयोजित पत्रकार सम्मेलनमार्फत प्रदेश लगानी प्राधिकरणले सम्मेलनको पूर्वतयारी अन्तिम चरणमा पुगेको जनाएको हो । सम्मेलनमार्फत प्रदेशको आर्थिक रूपान्तरण, पूर्वाधार विकास र उत्पादनमूलक क्षेत्रको प्रवर्द्धन गर्ने रणनीतिक लक्ष्य लिइएको छ ।

प्रदेश सरकारको पहलमा पहिलोपटक आयोजना हुन लागेको यो लगानी सम्मेलनले आन्तरिक तथा बाह्य लगानीकर्तालाई आकर्षित गर्ने अपेक्षा गरिएको छ । सम्मेलनमा कृषि, पर्यटन, उद्योग, ऊर्जा, पूर्वाधार तथा सूचना प्रविधि लगायतका क्षेत्रका ७१ परियोजना प्रस्तुत गरिने जनाइएको छ ।

कोशी प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक डा. सरोज कोइरालाका अनुसार ती परियोजनाहरूको कुल अनुमानित लगानी लागत करिब १ खर्ब ७३ अर्ब ४९ करोड रुपैयाँ रहेको छ । उनका अनुसार यी योजनाहरू रोजगारी सिर्जना, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र समग्र उत्पादन वृद्धिमा केन्द्रित छन् ।

सम्मेलनमा भारत, चीन, अमेरिका, दक्षिण कोरिया लगायतका देशका कूटनीतिक प्रतिनिधि, अन्तर्राष्ट्रिय विकास साझेदार, नेपालका अग्रणी उद्योगपति, वित्तीय संस्थाका प्रमुख तथा प्रवासी नेपाली व्यवसायीहरूलाई सहभागी गराउने तयारी गरिएको छ । प्राधिकरणले प्रदेशको लगानी वातावरणलाई विश्वसनीय र पारदर्शी बनाउन आवश्यक कानुनी संरचना, अनुमतिपत्र प्रक्रिया र लगानीमैत्री नीतिहरूको अध्ययन तथा सुधार प्रक्रिया सुरु भइसकेको जनाएको छ ।

लगानी प्रक्रिया सरल, स्पष्ट र कार्यान्वयनमुखी बनाउन 'प्री मिट' तथा 'फलोअप मिटिङ'हरू आयोजना गरिसकिएको छ । सम्मेलन अवधिभर 'प्ल्याटफर्म मिटिङ' सञ्चालन गरिनेछ, जसमा सहभागीहरूलाई प्रस्तावित परियोजनाबारे विस्तृत जानकारी, लगानी अनुमति प्रक्रिया, कर छुट, जग्गा पहुँच, वातावरणीय मूल्यांकनलगायतका विषयमा प्राविधिक टोलीले प्रत्यक्ष जानकारी दिनेछ ।

प्रदेश सरकारले लगानीमैत्री वातावरण सुनिश्चित गर्दै रणनीतिक साझेदारीको ढोका खोल्न खोजेको यो सम्मेलन दीर्घकालीन आर्थिक सुधारको सूत्रपातका रूपमा लिइएको छ । प्रस्तुत परियोजनामध्ये केही तत्काल कार्यान्वयन योग्य छन् भने केही दीर्घकालीन योजनाको तयारी अवस्थामा छन् । डा. कोइरालाका अनुसार, यदि प्रस्तावित परियोजनाहरू सफलतापूर्वक कार्यान्वयन भएमा हजारौं रोजगारी सिर्जना हुने, प्रदेशको आन्तरिक उत्पादन बढ्ने र बजेटमा दीर्घकालीन राहत पुग्नेछ ।

सम्मेलनको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने तय गरिएको छ । डा. कोइरालाले सम्मेलनलाई ऐतिहासिक अवसरका रूपमा उल्लेख गर्दै सबै सरोकार पक्षको सक्रिय सहभागिता अपेक्षित रहेको जनाए ।


**युएईमा रोजगार**

कम्पनी: Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C — शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२१ — चलानी नं.: ६०२२४९५३ — L.T. No.: 310325 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 155 | 0 | स. काममा दक्ष | 800 | ३७,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २५ गते (8 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466. Mobile No: 9802090466.
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com


# आँपको बतिला झर्ने समस्याले सर्लाहीका किसान चिन्तित



**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, १७ वैशाख

आँपको बतिला झर्ने समस्याले यतिबेला सर्लाहीका आँप खेती गर्ने किसान चिन्तित भएका छन् । सयौं हेक्टरमा लगाइएको आँप खेतीमा सिंचाइको अभाव र प्राविधिक ज्ञान नहुँदा बतिला झर्ने समस्याले किसान चिन्तित भएका हुन् । जिल्लाको सबैभन्दा बढी आँप खेती हुने हरिवन नगरपालिकाका किसान सिंचाइ अभावमा खेती गर्न समस्या भइरहेको यस क्षेत्रका किसानले गुनासो गरेका छन् ।

सर्लाहीको उत्तरी क्षेत्रमा पर्ने हरिवन १, २, ३ र ४ साविक अत्रौली र सासापुर गाविसका अधिकांश किसानले व्यावसायिकरूपमा आँप खेती गर्दै आएका छन् । हरिवन २ अत्रौलीका किसान लक्ष्मी प्रसाद मैनालीले ३ बिगाह क्षेत्रफलमा व्यावसायिक रूपमा आँप खेती गर्दै आइरहेका छन् । सिंचाइको अभावमा भनेजस्तो फाइदा लिन नसकेको उनको गुनासो छ ।

कुनै वर्ष समय समयमा वर्षा हुँदा आँप राम्रो हुन्थ्यो, तर यो वर्ष समयमै पर्याप्त पानी नपर्दा उत्पादन घट्ने उनको चिन्ता छ । उनका अनुसार सानोसानो बतिला लागेको बेला पानी अति आवश्यक हुन्छ, तर वर्षा नहुँदा आँपको दाना झर्ने समस्या भइरहेको छ । बतिलाका लागि भिटामीन र विषादीको आवश्यक हुन्छ । प्राविधिक ज्ञान बिना नै खेती गर्दा यो समस्या आउने कृषि विज्ञहरू बताउँछन् । सिंचाइ सुविधा नरहेको र कुनै पनि निकायबाट प्राविधिक सहयोग नपाउँदा खेती गर्न गाह्रो भइरहेको उनले गुनासो गरे ।

हरिवन-३ का किसान विनोद लोप्चनका अनुसार प्रायः अधिकांश किसानले प्राविधिक ज्ञान बिना नै विषादी प्रयोग गर्छन् । जुन पसलबाट बिषादी ल्याएको हो, त्यही पसल संचालकको सल्लाह अनुसार विषादी प्रयोग गर्दा कहिले काहीं फल झर्ने, डढ्ने जस्ता समस्या देखिने गरेको उनले बताए ।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेव कुशवाहाका अनुसार सिंचाइ, तापक्रम र किराका कारण बतिला झर्ने समस्या देखिन्छ । यसको समाधानका लागि पर्याप्त सिंचाइ, अनुकूल तापक्रम र समय समयमा किरा रोकथामका लागि विषादी छर्कनुपर्ने उनको सुझाव छ ।

हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल)ले सुख्खा अत्रौली र सासापुरमा व्यावसायिक आँप खेती गर्ने किसानका लागि विषादी छर्न विषादी छर्कने उपकरण, आँप टिप्ने मेसिनलगायत सामग्री वितरण गरेको र डिप बोरिङमार्फत सिंचाइ सुविधा पुऱ्याउन बजेट व्यवस्था गरी काम अघि बढाइसकेको जानकारी दिए । उनले आँप खेती गर्ने किसानका लागि प्राविधिक ज्ञानसम्बन्धी तालिमसमेत दिने तयारीमा रहेको बताए । यस वर्षबाट आँपको ग्रेडिङसमेत गर्ने व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

# अवैध घरेलु मदिरा नष्ट



**ललितपुर/मस-** ललितपुर महानगरपालिका-२५ नक्खु खेला किनारमा जस्ताका टहरा बनाएर बसोवास गर्ने केही व्यक्तिहरूले अवैध रूपमा उत्पादन गरी बिक्री गर्दै आएको घरेलु मदिरा नियन्त्रणमा लिई नष्ट गरिएको छ ।

नख्खु खोलास्थित पुरुषोत्तम तुलाधारको जग्गा भाडामा लिई अवैध मदिरा उत्पादन हुँदै आएको सूचनाका आधारमा प्रहरी प्रभाग भैँसेपाटी बुङ्मतीका इञ्चार्जको नेतृत्वमा गएको प्रहरी टोलीले खानतलासी गर्दा ठूलो मात्रामा अवैध घरेलु मदिरा फेला पारेको थियो ।

मंगलबार गरिएको खानतलासीका क्रममा करिब एक सय लिटर अवैध घरेलु मदिरा र एक हजार २७० भन्दा बढी कच्चा पदार्थ नष्ट गरिएको प्रहरी प्रभागका इन्चार्ज एवं प्रहरी निरीक्षक शशीधर शर्माले जानकारी दिए । उनका अनुसार प्रहरी टोलीले नियन्त्रणमा लिएको अवैध मदिरा र कच्चा पदार्थ जेसिबीको सहायताले खाल्टो खनेर पुरिएको छ ।

अखाद्य पदार्थबाट उत्पादित मदिरा सेवनबाट मानिसको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै गैरकानुनी कार्य भएकाले त्यस्ता पदार्थ नष्ट गर्नुपरेको प्रहरी निरीक्षक शर्माले स्पष्ट पारे । उनका अनुसार काभ्रेपलाञ्चोक स्थायी घर भई हाल नख्खुमा बसेर घरेलु मदिरा उत्पादन र बिक्रीमा संलग्न हुँदै आएकी रविना तमाङसहित अन्यलाई गैरकानुनी गतिविधिमा नलाग्न सचेत गराइएको छ ।

'हर प्रहर, गाउँ र नगरी, टोल टोल' मा शान्ति सुरक्षाको प्रत्याभूति दिलाएर सौहार्दता कायम गर्न आफूहरू खटिरहेको उल्लेख गर्दै प्रहरी निरीक्षक शर्माले समाजमा अशान्ति निम्त्याउने गतिविधिलाई रोक्ने प्रतिबद्धता व्यक्त गरे ।

# थलारामा बिनादर्ता संचालित 'कुशल मेडिकल' सिल

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १७ वैशाख



बझाङको थलारा गाउँपालिका-५ खोलीमा बिना दर्ता संचालनमा आएको औषधि पसल 'कुसल मेडिकल' सिल गरिएको छ । वैशाख १४ गते चैनपुरबाट गएको जिल्ला स्वास्थ्य कार्यालय बझाङको फार्मेसी सहायकसहितको अनुगमन टोलीले सो पसल निरीक्षण गर्दा कुनै कानुनी अनुमति नलिइ संचालनमा ल्याइएको पाइएपछि तत्काल सिल गरिएको हो ।

'कुसल मेडिकल' थलारा गाउँपालिकामा कार्यरत सिअनमी कर्मचारी जुनकुमारी ऐरले निजी स्वामित्वमा संचालन गर्दै आएकी थिइन् । ऐर गाउँपालिकामा स्वास्थ्य सेवा क्षेत्रमा कार्यरत स्वास्थ्य कर्मचारी हुन् । उनी गाउँपालिकामै रहेर स्वास्थ्यको काम गर्छिन् ।

अनुगमन टोलीमा संलग्न जिल्ला स्वास्थ्य कार्यालय बझाङका फार्मेसी सहायक द्वारिका जोशीले उक्त पसल दर्ता नगरिएको, औषधि बिक्रीवितरण गर्ने अनुमति लिएको प्रमाण नभएको र औषधि वितरणका लागि योग्य फार्मासिस्ट पनि नियुक्त नगरेको पाइएकाले कानुनी प्रक्रिया अनुसार पसल तत्काल सिल गरिएको जानकारी दिइन् ।

उनका अनुसार पसल संचालकलाई १५ दिनको समय दिइएको छ । सो अवधिमा औपचारिक दर्ता, फार्मासिस्ट नियुक्ति र अन्य आवश्यक कानुनी प्रक्रिया पूरा नगरे कारबाही अगाडि बढाइने छ ।

एक स्थानीय स्वास्थ्यकर्मीले नाम नखुलाउने सर्तमा भने, 'सरकारी तलब खाएर स्वास्थ्यकर्मीले निजी औषधि पसल संचालन गर्नु सेवाको आचारसंहिताविपरीत हो । यसले स्वास्थ्य सेवा प्रणालीप्रति जनताको विश्वास कमजोर बनाउँछ । यसमा स्थानीय सरकारले अनुगमनलाई तीव्रता दिनुपर्छ ।'

पालिकाले घटनाबारे जानकारी लिइरहेको र यदि बिना अनुमति व्यवसाय संचालन गरेको पाइएमा पालिकाले छानबिन गरी आवश्यक कारबाही गर्ने थलारा गाउँपालिकाका उपाध्यक्ष राम खातीले बताए । उनले भने, 'सबै कर्मचारीहरूलाई आचारसंहिता पालना गर्न निर्देशन दिइएको छ । त्यो धेरै पहिलेदेखि संचालन गरेको हुँदा हामीले दर्ता गरेकै होला भन्ने लागेको थियो । तर रहेन छ ।'

अनुगमन टोलीमा रहेका थलारा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रयागराज पाध्याले पालिकामै काम गर्ने कर्मचारीले यस्तो गर्न नहुने र उनलाई दर्ता गर्नका लागि समय दिइएको बताए । उनले भने, 'हामीले अनुगमनलाई जोड दिनुपर्छ भन्ने यो घटनाले बुझाएको छ । हामी अनुगमनलाई तीव्र पारेर बिना दर्ताका मेडिकल मात्र नभएर अवैध औषधि बिक्री वितरण गर्ने र बजार तथा विभिन्न वडामा रहेका पसलहरूको अनुगमन गर्छौं ।'

स्थानीयहरुले भने यस्ता गतिविधि दोहोरिन नदिन कडाइका साथ अनुगमन गर्न आग्रह गरेका छन् । उनीहरूले सरकारी कर्मचारीबाटै नियम उल्लंघन हुँदा सामान्य जनताले पाउनुपर्ने गुणस्तरीय स्वास्थ्य सेवा प्रभावित हुने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

वैशाख ८ गते केदारस्युँ गाउँपालिकामा गरिएको अनुगमनमा केदारस्युँ गाउँपालिकाको झोतामा संचालनमा रहेको शुलभ क्लिनिकमा म्याद नाघेका औषधि भेटिएपछि सिल गरिएको थियो ।


**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, म्याङलुङ्ग शाखाको ३५ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८२/०१/१८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १ | **ऋणी** राम बहादुर घोर्सानेको छोरी, भिम बहादुर भण्डारीको श्रीमती, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ५ बस्ने **सुशिला घोर्साने भण्डारी** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | चन्द्र बहादुर भण्डारीको नाती, पुर्ण बहादुर भण्डारीको छोरा, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ५ बस्ने **भिम बहादुर भण्डारी** । |
| २ | दिल विर भण्डारीको नाती, चन्द्र बहादुर भण्डारीको छोरा, तेह्रथुम जिल्ला, तम्फुला साब्ला गा.वि.स. वडा नं. ३ बस्ने **पुर्ण बहादुर भण्डारी** । |
| ३ | कविराज पौडेलको छोरी, पुर्ण बहादुर भण्डारीको श्रीमती, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ५ बस्ने **सनीमाया भण्डारी** । |
| **संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय तेह्रथुममा प्रा.फ.र.नं. १९०/२०७०/०७१ दर्ता नम्बर कायम भई मिति २०७०/११/१२ मा दर्ता भएको म्याङलुङ्ग गा.वि.स. वाड नं. ९ तेह्रथुम स्थित **भावना किराना तथा पशु आहारा पसल** । | |
| २ | **ऋणी** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यलय तेह्रथुममा प्रा.फ.न.घ.उ.वि. १४३५/०७४/०७५ दर्ता नम्बर कायम भई मिति २०७४/०८/२६ मा दर्ता भएको म्याङलुङ्ग नगरपालिका वडा नं. १ तेह्रथुम स्थित **न्यु भावना ढाका कपडा उद्योग** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | राम बहादुर घोर्सानेको छोरी, भिम बहादुर भण्डारीको श्रीमती, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ५ बस्ने **सुशिला घोर्साने भण्डारी** । |
| २ | चन्द्र बहादुर भण्डारीको नाती, पुर्ण बहादुर भण्डारीको छोरा, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ५ बस्ने **भिम बहादुर भण्डारी** । |
| **ऋणी १ र २ को धितो सुरक्षणको विवरण :** | |
| १ | **सुशिला घोर्साने भण्डारी**को नाममा मालपोत कार्यालय, तेह्रथुममा दर्ता श्रेस्ता कायम रहेको तेह्रथुम जिल्ला, म्याङलुङ्ग गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९) को क्रमशः किता नं. १५३५ र १५५८ को क्रमशः ०-१-३-० र ०-१-१-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २ | **सुशिला घोर्साने भण्डारी**को नाममा मालपोत कार्यालय, बेलबारी,मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, अमरदह गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४ग) को क्रमशः किता नं. ५१०, १०६९ र १०७१ को क्रमशः ०-२-३, ०-९-० र ०-४-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** — www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

# विश्व केम्पो च्याम्पियनसिपमा नेपालको कीर्तिमान

भरत प्रधान/मध्यान्ह
लिस्बन, १७ वैशाख

पोर्चुगलमा सम्पन्न २१औं विश्व केम्पो च्याम्पियनसिपमा नेपाली खेलाडीले अन्तर्राष्ट्रिय पदक हात पार्दै नयाँ कीर्तिमान कायम गर्न सफल भएका छन् ।

पोर्चुगलको काल्दास दा रेन्हामा आइतबार सम्पन्न भएको विश्व च्याम्पियनसिपमा सहभागी नेपाली खेलाडीले २ रजत र ५ कांस्य पदकसहित नेपाललाई ७ अन्तर्राष्ट्रिय पदक दिलाउँदै नयाँ कीर्तिमान कायम गर्न सफल भएका हुन् । च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गर्दै सहभागी केम्पो खेलाडी विपेश थापाले १ रजत र ३ कांस्य पदकसहित ४ पदक जित्न सफल भए । थापाले सेमी केम्पो फाइटिङ ७० केजी समूह, सेमी केम्पो सिनियर ५० केजी समूह, केम्पो-को ६० केजी तौल समूह, सबमिसन केम्पो ६० केजी तौल समूह अन्तर्गतको छुट्टाछुट्टै प्रतिस्पर्धामा विदेशी खेलाडीलाई पराजित गर्दै ४ वटा पदक जितेका हुन् ।



थापाले नेपालका लागि विश्व केम्पो च्याम्पियनसिपमा पहिलोपटक पदक जितेका हुन् । त्यसैगरी अर्का केम्पो खेलाडी अञ्जना शाहीले पनि १ रजत र २ कांस्य पदकसहित ३ पदक जित्न सफल भएकी छन् । शाहीले सेमी केम्पो ५५ केजी समूह, फुल केम्पो सिनियर ६० केजी समूह, सेमी केम्पो सिनियर ५० केजी समूहअन्तर्गतको छुट्टाछुट्टै प्रतिस्पर्धामा विदेशी खेलाडीलाई पराजित गर्दै ३ वटा पदक जितेकी हुन् । शाहीले पनि नेपालका लागि विश्व केम्पो च्याम्पियनसिपमा पहिलोपटक पदक जितेकी हुन् । थापा र शाही दुवै नेपाल केम्पो खुकुरी महासंघमा आबद्ध पाँचौं डान श्रेणीका खेलाडी हुन् ।

विश्व केम्पो च्याम्पियनसिपमा नेपाली खेलाडीले उत्कृष्ट खेल प्रदर्शन गर्दै २ रजत र ५ कांस्यपदकसहित ७ पदक जित्न सफल भएको नेपाल केम्पो खुकुरी महासंघका अध्यक्ष पाभेल शाहले जानकारी दिए । नेपाली केम्पो खेलको इतिहासमै यो अन्तर ष्ट्रिय पदक पहिलो भएको अध्यक्ष शाहले बताए । 'हाम्रा खेलाडीले विदेशी खेलाडीसँगको प्रतिस्पर्धामा उत्कृष्ट खेल प्रदर्शन गर्दै पदक जित्न सफल भए । विश्वमाझ नेपालको नाम चम्काउन र नेपाली झण्डा फहराउन सफल भए । यो राष्ट्रकै लागि ठूलो उपलब्धि हो,' शाहले भने, 'अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा प्राप्त यो सफलता नेपाल र नेपालीका लागि गौरवको विषय हो । नेपाली खेल क्षेत्रका लागि एउटा ऐतिहासिक उपलब्धि हो ।' अध्यक्ष शाहका अनुसार उक्त प्रतियोगितामा थापा र शाहीसहित अन्य तीन खेलाडी गरी नेपालको तर्फबाट ५ खेलाडीले च्याम्पियनसिपमा भाग लिएका थिए ।

यसअघि नेपालले सन् २०२४ मा पहिलोपटक विश्व क्याम्पो च्याम्पियनसिपमा भाग लिएको थियो । पहिलोपटक विश्व च्याम्पियनसिपमा सहभागिता जनाएको नेपालले पदक भने हात पारेको थिएन । यसपटक भने थापा र शाहीको उत्कृष्ट खेल कौशलले ऐतिहासिक सफलता हात पार्दै पदक जित्न सफल भएको हो ।

प्रतियोगितामा सहभागी हुन नेपाल केम्पो खुकुरी महासंघका अध्यक्ष पाभेल शाहको नेतृत्वमा नेपाली टोली पोर्चुगल आइपुगेको थियो । टोलीमा महासंघका प्रमुख सल्लाहकार बलदेव तिमल्सिना, बिदेश विभाग प्रमुख डा. विकास सुवेदी, महासचिव शर्मिला कार्की, केम्पो खेलाडी विपेश थापा, अर्का खेलाडी अञ्जना शाही लगायतका खेलाडीको सहभागिता रहेको थियो । २२ अप्रिलदेखि सुरु भएको प्रतियोगितामा विश्वभरका १०८ देशका खेलाडीको सहभागिता थियो ।

२१औं विश्व केम्पो च्याम्पियनसिपमा जित हासिल गरेसँगै विपेश थापा केम्पो च्याम्पियनसिपको अन्तर्राष्ट्रिय पदक जित्ने पहिलो नेपाली खेलाडी बनेका छन् । प्रतियोगितामा थापाले १ रजत र ३ कांस्य पदकसहित ४ पदक जित्दै विश्वमाझ नेपालको नाम चम्काउन सफल भए । पाँचखाल-१०, काभ्रेपलाञ्चोकका थापा ५ डान श्रेणीका खेलाडी तथा प्रशिक्षक हुन् । उनी दक्षिण एसियाली प्रतियोगिताहरूमा समेत नेपालको प्रतिनिधित्व गर्दै सहभागिता जनाइसकेका मार्सल आर्टका खेलाडी हुन् । त्यसैगरी सोही च्याम्पियनसिपमा जित हासिल गरेसँगै केम्पो खेलाडी अञ्जना शाही केम्पो च्याम्पियनसिपको अन्तर्राष्ट्रिय पदक जित्ने पहिलो नेपाली महिला खेलाडी बनेकी छन् । मण्डनदेउपुर-८, काभ्रेपलाञ्चोककी शाही ५ डान श्रेणीका खेलाडी तथा राष्ट्रिय प्रशिक्षकसमेत हुन् ।

## पोखरा स्पोर्ट्स अवार्ड

# ४ विधामा मनोनयन सार्वजनिक

**कास्की/मस-** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले वर्षेनी आयोजना गर्दै आएको पोखरा स्पोर्ट्स अवार्डको नवौं संस्करण यही वैशाख २६ गते पोखरामा हुँदैछ । मञ्चले बुधबार अवार्डअन्तर्गत ४ विधामा मनोनयन सार्वजनिक गरेको छ ।

वर्ष उत्कृष्ट खेलाडी महिलामा भलिबलका अरुणा शाही (म्याग्दी), फेन्सिङका कृपा गुरुङ (स्याङ्जा) र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा (बाग्लुङ) मनोनयनमा परेकी छन् । यसैगरी वर्ष उत्कृष्ट खेलाडी पुरुषतर्फ भलिबलका विश्वास अधिकारी (नवलपुर), टेनिसका प्रदीप खड्का (कास्की) र फुटबलका सुमित श्रेष्ठ (कास्की) मनोनयनमा परे ।

उदीयमान खेलाडीतर्फ एथलेटिक्सका बादल कार्की (बाग्लुङ), भलिबलका जीतबहादुर सार्की (स्याङ्जा) र क्रिकेटमा रचना चौधरी (कास्की) तथा वर्ष उत्कृष्ट प्रशिक्षक विधामा टेनिसका निरज थापा (कास्की), रमेश केसी (स्याङ्जा) र फुटबलका राजेन्द्र तामाङ (कास्की) मनोनयनमा परेका छन् ।

अवार्ड कार्यक्रममार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अभिप्रेरित गर्ने उद्देश्यले बर्सेनि अवार्ड प्रदान गर्दै आइएको मञ्चका अध्यक्ष मानबहादुर घर्तीले बताए ।

अवार्डको तयारीका लागि अध्यक्ष घर्ती संयोजक र राजाराम पौडेल सहसंयोजक रहेको मुल आयोजक समिति तथा विभिन्न १२ वटा उपसमितिका संयोजक समेत चयन गरेको छ ।

आर्थिक संकलन उपसमिति संयोजकमा विमल तिवारी, प्रचारप्रसार उपसमिति संयोजकमा राजु गिरी, अन्तरराष्ट्रिय समन्वय उपसमिति संयोजक दीननाथ बराल, सङ्घसंस्था समन्वय उपसमिति संयोजकमा कृष्ण दवाडी र स्वयंसेवक परिचालन उपसमिति संयोजक प्रवीन मगर रहेका छन् ।

यसैगरी सांस्कृतिक कार्यक्रम उपसमिति संयोजक राजाराम पौडेल, स्वागत सत्कार उपसमिति संयोजक एकराज गिरी, फोटो तथा भिडियोग्राफी उपसमिति वसन्त सेर्पा, क्विक रेस्पोन्स उपसमिति संयोजकमा शशीकुमार पौडेल रहेका छन् ।

मञ्च व्यवस्थापन उपसमिति संयोजकमा सन्देश श्रेष्ठ, चिठीपत्र तथा निमन्त्रणा उपसमिति संयोजकमा कविता घर्ती मगर, मूल्यांकन तथा अनुगमन उपसमिति संयोजकमा रामकृष्ण ज्ञवाली रहेका मञ्चका महासचिव प्रशुराम आचार्य शर्माले जानकारी दिए । खेलाडी तथा खेल क्षेत्रमा क्रियाशीललाई ऊर्जा थप्न मञ्च गण्डकीले विसं २०७२ देखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ ।


## UAE मा रोजगार

**TOP QUALITY CARPENTRY AND FLOORING CONTRACTING LLC** पुनः बिज्ञापन
पुर्व स्विकृति मिति: 2081.05.28 चलानी नं. ६०२२५३४३ LT No. 310803

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steal Fixer | 3 | 1200 | 44504 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८२ बैशाख २५ गते (8 May 2025) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
